# प्रदेश सभा

## गण्डकी प्रदेश

## तेस्रो अधिवेशन

## (एघारौं बैठक)

## मिति : २०७५/११/२७ गते, दिउसो २:०० बजे

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्बप्रथम, शून्य समयको कार्यक्रम प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरिएको छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ—आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

माननीय श्री चन्द्र मोहन गौचन, मुस्ताङ्ग ।

**माननीय चन्द्र मोहन गौचनज्यू**

माननीय सभामुख महोदय, मुस्ताङ्गमा यस वर्ष पाँच दस वर्ष पछिको ठूलो हिमपात भएको थियो । भारी हिमपातका कारण मुस्ताङ्ग जिल्लाभरी जनजीवन कष्टकर बनेको थियो र उपल्लो मुस्ताङ्ग क्षेत्रमा हिमपातका कारण धेरै चौरी, भेडा, च्याङ्गरा मरेका छन् । उच्च हिमाली क्षेत्रमा पाल्दै आएका चौपायाहरु भारी हिमपातका कारण पुरिएर लडेर मरेका हुन । माननीय सभामुख महोदय, महिनौं दिनसम्म परेको हिमपातका कारण चरीचरण गर्ने ठाउँमा हिउँले छोपिए पछि वासस्थान, आहार अभावका कारण सयौं संख्यामा याक, भेडा, च्याङ्गरा मरेका छन्। अझै पनि बढी प्रभावित भएको लोमन्थाङ्ग गाउँपालिकाका केही गाउँहरुका बासिन्दाहरु एक अर्को

गाउँमा ओहोरदोहोर गर्न सकि रहेको छैनन् । त्यहाँ अझ पनि प्रहरी प्रशासन, एक्यापका कर्मचारी पुग्न सकेको अवस्था नरहेकोले सही तथ्याङ्क आई सकेको छैन । त्यसैले सभामुख महोदय, यस घटनाले दुखी भएका पशुपालक किसानहरुलाई राहत पु¥याउन सम्बन्धित निकायहरुबाट तुरन्तै अनुगमन गरी तत्काल राहत पु¥याउन सभामुख मार्फत ध्यानआकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय जुनादेवी नेपाली, पर्वत ।

**माननीय जुना देवी नेपालीज्यू**

माननीय सभामुख महोदयज्यू, हामी आज यति बेला एक सय नौ अन्तरराष्ट्रिय महिला दिवस मनाई रहेको चार दिन पछि छौं । विश्वमा ७५ प्रतिशत महिला कृषि क्षेत्रमा कार्य गर्छन । मुख्यतया उनीहरु ज्यादै न्यून वा प्रायः नदेखिने शून्य सामाजिक सुरक्षा सहित साना किसानका रुपमा एवम कृषि र अनौपचारिक क्षेत्रको कामदारका रुपमा काम गर्छन । गाउँ घरमा खेती पाती वस्तु भाउको काम हुन्छ भने, सहरमा ज्याला मजदुरी कार्यालयको वा अन्य काम होलान । महिलाहरु दलित र विपन्न वर्गले कडा मिहिनेत गरेका कारणले प्रत्येक दिन मानिसहरुले खान पाएका छन्, बाच्न र स्वस्थ्य भएर जीवन सञ्चालन कार्य वा कार्य सञ्चालन गर्न पाएका छन् । यस अर्थमा म धन्यवाद दिन चाहन्छु र आफ्नो भरमा बिना पारिश्रमिक परिवारको लालन पालन गर्दै हेरचाह कायम गर्छन तर आफ्नै समुन्नतिका अवसरहरु गुमाउँदैछन्। हामी यो कुराको परिवर्तन हुने कुरामा आशावादी छौं । माननीय सभामुख महादेयज्यू, म यो कुरा किन उठाई राखेको छु भन्दा

**माननीय सभामुखज्यू** “ माननीय समय सिद्धियो” ।

**माननीय जुना देवी नेपालीज्यू** “ यति बेला । धन्यवाद । ”

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अव बिशेष समयको, माननीय सदस्यहरु अब विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ— आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री आशा कोईराला । समय १५ मिनेट ।

**माननीय आशा कोईरालाज्यू**

माननीय सभामुख महोदय, हामी पुरानो एकात्मक राज्य प्रणालीबाट संघीय राज्य प्रणालीमा आएका छौं । संघीयताको मर्म समानुपातिक विकास हो र त्यो भन्दा बढी छिटो र दुरत ढंगले समस्याको सभाधान गर्नु, विकास निर्माणका काम गर्नु र जनतालाई छिटो र सर्वसुलभ ढंगले सेवाप्रवाह गर्नु हो । मलाई लागेको छ सरकारले यतातिर सोचेको होला तर जनतालाई अनुभूत हुने गरी कुनै पनि काम परिणाममुखी हुन नसक्दा आम जनतामा निराशा जाग्नु र संघीयता प्रति नकारात्मक टिप्पणी गर्ने कार्य शुरु भएको छ । यसमा राज्य समयमा नै गम्भीर नहुने हो भने हामीले सोचेको विकास र समृद्धिको यात्रा केवल नारा मात्रै हुनेछ । मैले यसो भन्दै गर्दा यस सभामा प्रतिनिधित्व गर्नु हुने साठी माननीय सदस्यज्यूहरु, प्रदेश सरकार, प्रदेश प्रमुख, सम्पूर्ण सरोकारवाला निकायहरु अं साथै नेपाल सरकारका प्रधानमन्त्री देखि सबै जिम्मेवार राष्ट्र नायकहरुबाट परिचित एवम् उपभोग गरिंदै आएको पृथ्वीराजमार्ग र विजय खोलाको पुल हो । यस अघि मुग्लिङ्गको पुलको हालत यहि अवस्थामा हामीले देखेका थियौं । यति बेला पृथ्वीराजमार्ग, विशेष गरी खैरेनीटार—गगगौडा खण्ड अत्यन्तै जीर्ण एवम् हिड्नै नमिल्ने अवस्थामा पुगेको छ । करिब २५ किलोमिटरको त्यो बाटो पार गर्न १ घण्टाभन्दा बढी समय लाग्छ भने त्यो यात्रा अत्यन्तै यातनापूर्ण र दर्दनाक हुन्छ । एक घण्टाको

यात्रामा दैनिक जसो यात्रा गर्दा यात्रुका मुखबाट निस्किएका शब्दहरु अत्यन्त पीडाका साथ सुन्नु पर्ने बाध्यता सिर्जना हुन्छ तर समस्याको समाधान एवम् बाटो निर्माण, सुधार र मर्मत तर्फ सम्बन्धित पक्षको कति पनि ध्यान देखिदैंन। त्यो विडम्बनाको अन्त्य कहिले गर्ने ? प्रदेश सरकारले यसको जवाफ दिनु पर्छ। नेपाल सरकारले ए.डि.बी.को सहयोगमा गर्ने भनेको पृथ्वी राजमार्गको फोर लेनको काम कहाँ पुग्यो? कहिले देखि शुरु हुन्छ ? हुन्छ कि हुँदैन ? अत्यन्तै जीर्ण भएका सडक मर्मत गर्नुपर्ने हो कि होइन ? कहिले गर्ने ? कसले गर्ने ? यसको स्पष्ट जानकारी आम जनसमुदाय र यो सदनलाई प्राप्त होस् म आग्रह गर्न चाहन्छु । सडक जीर्ण, सडक पेटी छैन । पानी पर्दा ताल पर्ने र नपर्दा धुलोको तलाउ बन्ने उक्त सडकमा पैदल यात्रुहरुको लागि दायाँ बायाँ पैदल यात्राको लागि सडक पेटी बनाउन स्थानीय तहले पटक पटक अनुरोध गर्दा ताकेता गर्दा समेत न सडक विभागले त्यो काम गर्छ न कामको लागि स्वीकृति दिन्छ । त्यो यस्तो परिवेशमा दिनहुँ भएका दुर्घटनाको जवाफदेही को हुने ? वातावरणीय प्रतिकूलताको कारण सिर्जित समस्या र यसले पारेको असरको जवाफदेही को हुने ? सडकको दायाँ बायाँ किनारामा निर्धक्क फैलाइएका निर्माण सामाग्री एवम् अव्यवस्थित रुपमा रहेका अन्य अवरोधहरु कसले हटाउने ? यसर्थ म सभामुख मार्फत प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । बाटोको तत्काल मर्मत कार्य प्रारम्भ गरियोस्। साथै सडकको दायाँ बायाँ पैदल यात्राको लागि सुरक्षित पैदल मार्ग निर्माण गरियोस् । यसको साथसाथै तत्कालको जटिल समस्या नेपालको पर्यटनको राजधानी केन्द्र, गण्डकी प्रदेशको राजधानी, यो यसको प्रवेशद्वार, पृथ्वीराजमार्गको अवस्था त मैले बताएं त्यसको प्रवेशद्वार विजयपुर खोलाको, विजयपुर खोलाको पुलको वैकल्पिक मार्ग निर्माण भएर अहिले हेभी गाडीहरु वैकल्पिक मार्गबाट हिडेको हामीले देख्यौं त्यसको लागि सरकारलाई धन्यवाद दिन चाहन्छु साथै अब तत्काल यो जटिल समस्या बनेको विजयपुर खोलाको

पुल विशेष योजनाका साथ निर्माण कार्य शुरुवात गरियोस् सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री कुमार खड्का । समय १५ मिनेट ।

## माननीय कुमार खडकाज्यू

माननीय सभामुख महोदय, फाल्गुण २४ मा राजनीतिक सहमति घोषणा कार्यक्रमको ब्यानरमा सम्मानीय प्रधानमन्त्री के.पी.ओलीको उपस्थिति र निर्देशनमा माननीय गृह मन्त्री राम बहादुर थापा र नेपालबाट मधेश टुक्राएर स्वतन्त्र राष्ट्र बनाउने अभियानमा लागेका स्वतन्त्र मधेश गठबन्धनका नेता चन्द्रकान्त राउत, सि.के. राउत बिच ११ बुँदे सहमति भएको दृश्य देख्न र सुन्न पाइयो । यो घटनाले राजनीतिलाई मात्रै होइन सारा देशलाई तरंगित गऱ्यो । हाम्रो प्रदेश सभा पनि यो विषयले प्रवेश पाउनु असम्भावित थियो गम्भिर विचारहरु व्यक्त भए । माननीय सभामुखज्यू, यो विषय राजनीतिक मात्र भएको भए हामी फरक फरक कित्तामा बाँडिएर बहस गर्न उचित हुन सक्थ्यो तर यो राजनीति भन्दा माथि राष्ट्रको राष्ट्रिय अखण्डताको विषय भएकोले दुई वा दुई भन्दा बढी कित्तामा विभाजित हुनु भन्दा समग्र गण्डकी प्रदेश सभा एउटै कित्तामा उभिनु पर्दछ जुन राष्ट्रिय अखण्डताको कित्ता हो । म शत प्रतिशत विश्वास राख्छु सभामुख महोदय, तोल्न नै मिल्ने भए, सबै माननीय सदस्यहरुको राष्ट्र प्रेमको तौल बराबर हुन्थ्यो होला । सबै माननीयज्यूहरु राष्ट्रवादी हुनु हुन्छ । यसमा प्रश्न उठाउनु सन्देह राख्नु मुर्खता हुन्छ । बाटो बिराएका, गलत बाटोमा लागेका मति भ्रष्ट भएर दिग्भ्रमित भएका व्यक्ति, समूह वा संस्थालाई राष्ट्रको मूल धारमा ल्याउनु राज्यको कर्तव्य हो दायित्व पनि हो । देशबाट मधेशलाई अलग गर्छु र स्वतन्त्र राष्ट्र बनाउँछु । मधेशको भूमिबाट फिरंगी नेपालीहरुलाई निकाल्छु। नेपालीले बनाएको कालो संविधानलाई भष्मिभूत गर्छु भन्ने उद्देश्य राखेर स्वतन्त्र मधेश गठबन्धन नामक राष्ट्रद्रोही

संगठन र तिनका नेतालाई राजनीतिको मूल धारमा ल्याउनु सकारात्मक मान्न सकिन्छ। राजनीतिक घोषणा कार्यक्रमलाई हेर्दा केही सकारात्मक दृश्य देखियो सभामुख महोदय, जुन प्रशंसा योग्य छ। नेपालको अस्तित्वलाई नेस्तानाबुत गर्छु भन्ने व्यक्ति नेपालको, नेपाल राष्ट्रियगानलाई उठिएर सम्मान प्रर्दशन गरेको देख्दा हृदय प्रफूल्ल भयो। यो देश अविभाज्य छ, देशको एक इन्च जमिन पनि टुक्रिन नदिने प्रधानमन्त्रीको अभिव्यक्ति सुन्दा प्रधानमन्त्री प्रति अभिमान जाग्यो, श्रद्धा बढ्यो। सरकार र स्वतन्त्र मधेशको गठबन्धन बिचमा भएको एग्घार बुँदे सहमतिलाई अध्ययन गर्दा थुप्रै खुशी छन् तर केही चिन्ता, आशंका र निराशा पनि जन्मिएको छ। सहमतिको बुँदा नं. १ मा नेपाल एक स्वतन्त्र स्वाधिन अविभाज्य राष्ट्र लेख्न सुन्दर र सम्मानजनक छ तर जब हामी बुँदा नं. २ मा हामी जान्छौं । त्यो पढदा सम्पूर्ण खुशीहरु काफुर हुन्छन् । सम्पूर्ण खुशीहरु पीडामा परिणत हुन्छन् । यदि त्यो सहमतिमा बुँदा नं. २ नभएको भए, यो सहमति राष्ट्रको लागि मात्र होइन सम्पूर्ण राष्ट्रभक्त नेपालीको लागि गौरवपूर्ण हुने थियो मेरो व्यक्तिगत सोच हो । मञ्चमा रहनु भएका प्रधानमन्त्री, गृह मन्त्री लगायत थुपै्र सरकारी प्रतिनिधिको राष्ट्रभक्तिमा आँखा चिम्लिएर विश्वास गर्न त सकिएला तर तेही विश्वास सि.के. राउतको राष्ट्रभक्तिमा गर्न सरकारले भन्छ भने नेपाली जनता आधुनिक कालीदास बन्न तयार छैनन्। नेकपाका नेताहरु शब्दहरुसंगै खेलियो, राजनीति गरियो भन गुनासो गरि रहनु भएको छ तर त्यो शब्दको परिस्थितिको परिणाम कति घातक हुन त्यसलाई आत्मसात गरि रहनु भएको छैन। सम्झौतामा सहमतिमा कुन शब्द राख्ने भन्ने हाम्रो अधिकार होला तर एकपल्ट त्यो शब्द राखी सकेपछि अनि त्यसको व्याख्या व्यक्तिले होइन त्यो शब्दले स्वयंले गर्दछ। यहि शब्दलाई हतियार बनाएर पृथकतावादी आन्दोलनकारीहरु पर्दा पछाडीका शक्तिहरुले देशको अस्मिता र अखण्डतासंग निर्ममता तरिकाले खेल्छन् भन्ने चिन्ता हाम्रो हो सभामुख महोदय। सम्झौतामा भएको स्वायत्ततालाई आँखा चम्लिन सकिएला, स्वशासन र स्वतन्त्र मधेश भन्ने शब्दलाई ठूलो छाती बनाई

नजरअन्दाज पनि गर्न सकिन्छ तर देश टुक्रायउन सकिने गरी देशमा गरिने जनअभिमतलाई कसरी सहज रुपमा लिन सकिन्छ सभामुख महोदय ? के हो जनअभिमत भनेको? सरकार बन्छ यो आवधिक निर्वाचन हो। यदि यो आवधिक निर्वाचन हो भने सही छ, ठीक छ, प्रशन्सायोग्य छ तर अर्को हस्ताक्षरकर्ता सि.के.राउत र स्वतन्त्र मधेश गठबन्धन भन्छ यो आवधिक निर्वाचन होइन। यो जनमत संग्रह हो । जनमत संग्रह कसको हो? मधेशको हो। मधेश नेपालमा रहने वा स्वतन्त्र राष्ट्र हुने वा अन्य देशमा गाभिने प्रस्ताव मधेशका जनताले मतदान गर्ने भनेर सप्तरी र जनकपुरको सभामा व्याख्या गरी रहँदा एक राष्ट्रवादी नेपाली कसरी किकर्तव्यविमुढ भएर मौन रहन सक्दछ सभामुख महोदय ? विखण्डनकारीलाई राजनीतिक मूलधारमा ल्याएं भनेर सरकार बनेको छ। ऐतिहासिक काम भयो भनेर हर्ष बढाई गरि रहेको छ। दीप प्रज्वलित गर्दै छ तर उता सि.के. राउत भने राज्यलाई मेरो विखण्डनकारी पृथकतावादी मार्गमा ल्याएं। हिजो मैले जे गरेको थिएं त्यो सही थियो भनेर गृह मन्त्री, पूर्व प्रधानमन्त्री र प्रधानमन्त्रीलाई सहमत गराएं भनेर मधेशमा र्याली गरिरहँदा आशंका उब्जदैन सभामुख महोदय ? चिन्ता लाग्दैन त ? विडम्बना के भने सभामुख महोदय, राष्ट्र र जनताका सुरक्षाका कसम खाएका सुरक्षाकर्मीहरुबाट पाएका सुरक्षा कवचमा बसेर राष्ट्रद्रोही कुरा भई रहेको छ। पीडा हुँदैन, बोल्नु पर्दैन त ? माननीय सभामुख महोदय, सहमतिलाई ड्राफ्ट गर्दा झुक्एिर, चिप्लिएर अन्जानमा त्यो शब्द छिरेको होला भन्ने मलाई लागेको थियो। सम्माननीय प्रधानमन्त्री शब्दको जानकार हुनु हुन्छ अझ भनु शब्दको जादुगर हुनु हुन्छ। उहाँले बोल्दा लेख्दा गर्नु भएको शब्द चयनले उहाँको वाक पटुकताको सारा देश प्रसंशक छ। शब्दको त कुरा छोडौं सभामुख महोदय, निपातको कौमा र रस्व, दीर्घको उपस्थितिले पनि कतै गलत व्याख्याको संभावना देख्नु हुँदा उहाँ कठोर बन्नु भएको कुरा मैले विगत संविधान, दोस्रोको संविधान सभामा अनुभूति गरेको थिएं। त्यस्तो पृथकतावादीलाई स्वागत गर्ने, आमन्त्रण गर्ने शब्द जानी जानी कदापि छिर्न सक्दैन भनेर ढुक्क थिएं सभामुख

महोदय तर हिजो माननीय गृह मन्त्रीले झुक्किएर होइन, अत्यन्त सुविचारिक ढंगले सहमति पत्रमा शब्द राखिएको भन्ने प्रतिनिधि सभामा अभिव्यक्त कथनले त्यो आशाको त्याँन्द्रो पनि चुडायो सरकारले विचार गरेर, जोड घटाउ गरेर, बुँदा नं. २ र जनआश्रित शब्द प्रयोग गरि रहेको छ। त्यही शब्दलाई समातेर रातारात सरकारको मानसपुत्र बनेको स्वतन्त्र मधेश गठबन्धनले हाम्रो लडाई सफल भयो, स्वतन्त्र मधेश जिन्दाबाद, मधेश इज न्यू कन्ट्री इन एशिया, अबकी बार एक ही बार जनमत संग्रहका जिसमें सरकारका साथ भनेर नारा लगाएको श्रृव्य दृश्य हेर्दा भएको पीडालाई अभिव्यक्त गर्नु के राजनीति पे्ररित हुन्छ ? राष्ट्र दुख्दा अइइया पनि भन्न नपाउने कस्तो अभिव्यक्तिको स्वतन्त्रताको वकालत गरी रहेको छौं हामी भनेर ? सभामुखज्यू, नेपाली काँग्रेसले सहमतिको समर्थन गरेको छ भनेर पनि सुन्न पाइयो । आश्चर्य लायो । नेपाली काँग्रेसको आधिकारिक स्टेटमेन्ट के छ भने सबै नागरिकहरुवा समूहलाई राज्यको मूलधारमा ल्याउने प्रयत्न स्वागत योग्य छ तर सहमतिपत्रमा राखिएका बुँदाले के.पी.ओलीको राष्ट्रवाद सि.के. राउतको पाउँमा पल्टिएको छ यो भन्ने भनाई यो कसरी समर्थन भयो ? मैले बुझ्न सकेको छैन । नेपाली काँग्रेस मात्र कहाँ हो र सभामुख महोदय, अराष्ट्रिय विचार बोकेको भनेका राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका अध्यक्षले जनमत संग्रह तर्फ पाइला बढाउनु नेपाल र नेपालीको हित हुन सक्दैन, राष्ट्रिय अखण्डताको विपरीत हुन्छ भनेर सदनमा बोली राखु भई राखेको छ। वामपन्थि पृष्ठभूमिबाट आउनु भएका पूर्व प्रधानमन्त्री माननीय डा. बाबुराम भट्टराईले यसलाई विरोध गरी राख्नु भएको छ। त्यति मात्र होइन, माननीय भीम रावल, माननीय जनार्दन शर्मा र नारायण काजी श्रेष्ठ जस्ता ठूला नेताहरुले पनि आफ्नो असन्तुष्टी आफ्नो सन्तुष्टी कहीं बाहिर कहीं संसदमा पोखि राखु भई रहेको छ । संसदमा प्रतिनिधित्व गर्ने प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरु चाहे त्यो रा.प्र.पा. होस्, फोरम होस्, नेमकिपा होस, विवेकशील साझा होस्, सार्वजनिक रुपमा विरोध गरी रहेका छन्। भिमार्जुन आचार्य, विपिन अधिकारी, कृष्ण पहाडी, श्याम श्रेष्ठ,

सुन्दरमणी दिक्षित जस्ता नागरिक अगुवाहरु पनि बुँदा नं. २ मा मात्र होइन, उहाँहरु त बुँदा नं. ४ र ७ मा पनि आपत्ति गरि रहेका छन् । अध्याँरो कोठामा गरेको अपारदर्शी सहमति भनी रहेका छन् । आज मैले नारायण काजी श्रेष्ठ नेताज्यूको ट्विट हेरें। उहाँ भनी राख्नु भएको छ यो सम्झौता विखण्डनकारीको अन्त्यको लागि हो कि विखण्डनवादलाई वैधानिकता दिनका लागि हो भनेर ? सोधि राख्नु भएको छ। यो भन्दा ठूलो पीडा के हुन सक्छ?यो घटनाक्रमको स्पिड लेख्दा शक्ति पृथकीकरणको सिद्धान्तलाई चकनाचुर बनाइएको छ सभामुख महोदय, राज्य र अदालत बिच साठगाठ बनाएर, राज्य विप्लवको मुद्दा खेपि रहेका आजीवन कारावास जन्म सजाय हुन सक्ने व्यक्ति, साधारण तारेखमा छोडिएको प्रति कानुन विज्ञ सविधान विज्ञहरुले जिब्रो टोकि रहेका छन् । आश्चय र असहमति प्रकट गरी रहेको छन् । न्यायालयको गरिमालाई धुलधुरित गरी रहेको छ । खण्डित गरि रहेका छन् सभामुख महोदय। केही साथीहरु, जन अभिमत, जनमत संग्रह भए पनि के फरक पर्छ त ? कुन नेपालीले मतदान गरेर देश टुक्रयाउला ? तेस्तो बाटोमा लाग्ने मति उहाँले राखि राख्नु भएको छ । यो सोच अत्यन्त आत्मघाति साबित हुने छ भएको छ। जनमत संग्रहका कारण केही देश जुटेका छन् भन्ने थुप्रै देश टुक्रिएका पनि छन् । म यहाँ केही उदहारण सभामुख महोदय मार्फत सदनलाई जानकारी गराउन चाहन्छु। ९ जुलाई २०११ मा ९९% सुडानी जनताले सुडान टुक्रिनु पर्छ भन्ने पक्षमा मतदान गरेर सुडान टुक्राए। २७ अप्रिल १९९३ मा यूरोपीयाबाट टुक्रिएरै इरिट्रिया बन्यो जनमत संग्रहबाट। माइक्रोनेशियालाई टुक्रयाएर विखण्डन गरेर पलाउ नामक स्वतन्त्र राष्ट्र बनाइयो जनमत संग्रहबाट। २० मे २००२ मा पश्चिमी इण्डोनेशियाबाट ईश्ट टिमुर भन्ने बेग्लै राष्ट्र बन्यो हामी प्रत्यक्षदर्शी छौं । २१ मे २००६ मा फगत ५५% मतले सर्वियाबाट टुक्रिएर मण्टोनिग्रो बन्यो । एशिया र अफ्रिकाको मात्रै कुरा होइन, यूरोपका देशहरु पनि जनमत संग्रहको हतियारबाट राष्ट्रिय अखण्डता लहुलुहान भएको पीडाबोध गरिरहेका छन् । २८ सेप्टेम्बर २०१८

मा ९०% मत सहित केटोनियाले स्पेनबाट छुट्टिने निर्णय गर्‍यो सभामुख महोदय, युक्रेनबाट क्रिमिया अलग हुने संघर्षको बारेमा कोही अनभिज्ञ छैन। बेल्जियममा फ्लेमिङ्ग स्पालो को संघर्षले जनमत संग्रहबाट बेल्जियमको अस्तित्व समाप्त हुने बाटोमा लागि रहेको छ तेहि भएर दोस्रो संविधान सभाबाट नेपालको संविधान बनाउने क्रममा हामीले पायौं थुप्रै देशले संविधानमै जनमत संग्रहबाट देश टुक्रयाउने प्रावधानको व्यवस्था गरेको पाइयो। अष्ट्रिया, कोलम्बिया, क्रोशिया, इक्विडोर, इष्टोनिया, हंगेरी, ईटाली, फिलिपिन्स, पोल्याण्ड, रोमानिया, साउथ कोरिया यसका केही उदहारणहरु हुन्। केही देश त जनमत संग्रहबाट राष्ट्र टुक्रयाउने प्रावधानलाई यति लाचिला छन् कि सभामुख महोदय, हाम्रो आँग जिरिङ्ग हुन्छ । सोमालियाले ४०,००० मतदाताले हस्ताक्षर गर्‍यो भने। स्विटजरल्याण्डमा ५०,००० मतदाताले हस्ताक्षर गर्‍यो भने। स्लोवाकियामा ३,५०,००० मतदाताले हस्ताक्षर गर्‍यो भने। ताइवानमा १.५% मतदाताले हस्ताक्षर गर्‍यो भने । देश टुक्रिने प्रक्रिया जनमत संग्रहमा लाने व्यवस्था  गरिएको छ । स्वतन्त्र संत राष्ट्रको रुपमा रहेको सिक्किमको संसदमा अत्याधिक मतको निर्णयमा टेकेर १६ मे १९७५ मा भारतमा विलय भएर, भारतको २२ औं राज्य बन्न  पुग्यो  सिक्किम। यि सम्पूर्ण उद्हारण अन्तरराष्ट्रिय घटनाहरुलाई अध्ययन गर्दा, संसदीय निर्णय र जनमत संग्रहबाट राष्ट्र विखण्डन भएको पाठ सिक्दै दोस्रो संविधान सभाले नेपालको संविधानमा धारा २,२७४ र २७५ मा व्यवस्था गरेर संसदमा मतदान गरेर देश टुक्रयाउन नसकिने र देशको अखण्डताको निर्णय जनमत संग्रहबाट हुन नसक्ने व्यवस्था गरेको छ। संविधानको धारा २७४ को १ ले भन्छ— नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न सकिने छैन । धारा २७५ (१) ले भन्छ राष्ट्रिय महत्वको कुनै विषयमा जुन २७४ (१) बाहेकका अन्य विषयमा जनमत संग्रह गर्न आवश्यक छ भने संघीय संसदको दुई तिहाईले अनुमोदन गरेर मात्र जनमत संग्रहमा जाने व्यवस्था गरेको छ ।

यसबाट दुई वटा कुरा स्पष्ट हुन्छ सभामुख महोदय, अखण्डताको विरुद्ध संविधान संशोधन, संशोधन पनि हुँदैन । जनमत संग्रह पनि हुन सक्दैन दोस्रो जनमत संग्रह गर्ने निर्णय गर्ने अधिकार संसदलाई छ सरकारलाई छैन तसर्थ नेपाल सरकारले स्वतन्त्र मधेश गठबन्धनसँग गरेको सहमतिको बुँदा नं. २ सरकारको अधिकार क्षेत्र भित्र पनि पर्दैन, संविधान अनुकूल पनि छैन भन्ने मेरो भनाई हो । माननीय सभामुख महोदय, निष्कर्ष के हो भने रुपमा यि सम्पूर्ण घटनाको पोष्टमार्टम गर्दा पनि गम्भिर र निर्मम समिक्षा गर्दा पनि सार के हो भने सरकारको राष्ट्रिवादिता, राष्ट्रभक्ति र राष्ट्रप्रेममा शंका उठाउनु सही हुँदैन । यो अत्यन्त गम्भिर र संवेदनशील विषय हो । यहाँ सरकार चुक्दा, सरकार हार्दा, नेपाल कम्युनिष्ट पार्टी मात्रै हार्छ, हामी जित्छौं भनेर कुनै राजनीतिक दलले सोच्छौं भने त्यो गलत हुनेछ किनकी यो विषयमा सरकार हार्दा, देशले हार्ने छ। देशले नै हारी सके पछि अन्य कुनै पार्टीले, कुनै समूहले नै जित्ने गुञ्जायस कहाँ हुन्छ र सभामुख महोदय, तसर्थ यस विषयलाई कसैले राजनीतिक मुद्दा नबनाई सबै राजनीतिक दल र नागरिक समाज दृढतापूर्वक सरकारको साथमा आउन आवश्यक छ। सबै एउटै कित्तामा उभिएर सहमति पत्रमा भएका बुँदाहरु, जन्माएका आशंकाहरु, त्यसले पार्ने असरहरु, सहमति पश्चात् स्वतन्त्र मधेश गठबन्धनको अभिव्यक्ति र क्रियाकलापलाई अध्ययन गरेर, साझा निष्कर्षमा पुग्न आवश्यक छ। प्राविधिक कमजोरीहरु भएका छन् । जुन नियतवश गरिएको छ भनेर मान्न म तयार छैन तर भएको कमजोरी सच्याउन सरकारले अडान र आग्रह राख्न पनि आवश्यक देख्दैन । सही नियतले राम्रो काम गर्दा भएका कमजोरीलाई आत्मसात गरेर सच्याउँदा सरकारको उँचाई नै बढ्ला तर अनावश्यक दम्भ देखाएर मैले जे गरेपनि ठीक गरें भनेर सि.के.ले भन्छन् वा के.पी.ओलिले भन्नु हुन्छ भने राष्ट्रिय अखण्डतामा खेलवाड गर्ने छुट कसैले पाउनु हुँदैन। नेपाली जनताले संविधान भन्दा माथि बसेका राजालाई त सहन नसकेर फाले भने, देश भन्दा माथि कसैले बस्छु भनेर कुचेष्टा गरे भने फेरी राजाको राजतन्त्रको नियति तेस्ता नेता र पार्टीहरुको हुन्छ भन्ने कुरा

हामीले सम्झनु पर्छ तसर्थ सभामुख महोदय मार्फत यो संघीय सरकार संघीय संसद र सरोकारवाला सबैलाई राष्ट्रिय अखण्डताका पक्षमा एकजुट भएर, यि सम्झौतामा भएका कमजोरी तत्काल सच्याएर, देशलाई एउटा साझा सन्देश दिनका लागि आग्रह गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री कृष्ण थापा । समय ५ मिनेट ।

**माननीय कृष्ण थापाज्यू**

माननीय सभामुख महोदय, बाग्लुङ्ग जिल्ला जैमुनी ८ हिस्तिमा जनकल्याण मा.वि.को वार्षिकोत्सव सम्पन्न भई सकेपछि त्यहाँ एउटा पिकअप दुर्घटना भयो। त्यो दुर्घटनाबाट ४ जना बालिकाको मृत्यु भयो भने १०—१२ जना बालिकाहरु सख्त र गम्भीर घाईते भए । त्यस घटनामा अहिले पनि ३ जना बालिकाहरु मणिपाल अस्पतालमा उपचार आइ.सि.यू. बसेर  गरि रहेको अवस्था छ । यसमा विशेष गरेर प्रदेश सरकारले घाईतेलाई जुन औषधी उपचारको लागि सहयोग गऱ्यो प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु तर तेही घटनामा मृत्यु भएका बालबालिकाको विषयमा प्रदेश सरकारबाट कुनै पनि सहयोग भएन । त्यस कारण म प्रदेश सरकारलाई मृत्यु भएका परिवार जनहरुलाई पनि आर्थिक सहयोग गरिदिनका लागि म हार्दिक अनुरोध गर्न चाहन्छु । हामीले प्रदेश सरकारलाई कार्यविधि बनाउन अनुमति दियौं । र प्रदेश सरकारले अहिले कार्यविधि करिब एक सय सत्र बनाएर आफ्नो कार्यक्रम कार्यान्वयन गर्ने दिशामा छ । मैले प्रदेश सरकारलाई सबैभन्दा पहिले के प्रश्न गर्न चाहन्छु त भने यो कार्यविधि सक्कियो कि अझै बनाईंदैछ ? र यति ढिलो किन गरियो ? म यो एउटा प्रश्न गर्न चाहन्छु र अर्को तिर अहिले हामी प्रदेशका मन्त्रालयहरु सायद मन्त्रालय हुन कि लोक सेवा आयोग हुन ? यो कुरा पनि प्रश्न गर्न चाहन्छु । त्यसले गर्दा खेरि कतै फेरी लोकसेवाका मन्त्रालय लोकसेवामा परिणत नहोस्। यो कुरा पनि अनुरोध गर्न चाहन्छु र अर्को तिर जुन कार्यविधि बनाइएको छ त्यो कार्यविधिले फेरी यि

ज्ञानकेन्द्र, सडक केन्द्र र अर्का पशुकेन्द्रहरु भन्ने छन् त्यहाँ माननीयहरुलाई दरखास्त हाल्ने स्थिति फेरी सिर्जना गरिएको छ। त्यसले गर्दा खेरि माननीयहरुलाई नै बहिस्कार बनाउने किसिमको कार्यविधि बनाएर त्यो केन्द्रमा दरखास्त हाल्ने परिस्थिति फेरी किन सिर्जना गरिदैंछ ? यो कारण, म के भन्न चाहन्छु भने यो कुरा तुरुन्त सच्चियोस् भन्ने कुरा गर्न चाहन्छु। अहिले नेपाल सरकार र सि.के. राउतको बिचमा सम्झौता भएको छ। सारै ठूलो समस्या भएको कारणले नै होला । सरकारले त्यो सम्झौता गर्नु पर्ने बाध्यता भएको। तेहि पनि मैले के भन्न चाहन्छु भने यो सम्झौताबाट शंका गर्ने परिस्थितिहरु सिर्जना भएको छ। किन देशलाई विखण्डन गर्ने शक्तिहरुसंग सम्झौता गर्नु पर्‍यो ? र उहाँहरु अहिले वास्तवमा रिहाई हुनु हुँदैछ सायद माला लाउँदै हिडनु हुन्छ । के विभाजन गर्ने कुराले अन्त भएको हो कि प्रशय भएको हो ? मलाई लाग्छ कि यो कुराले प्रशय भएको छ। देशलाई कुनै पनि प्रकारले विभाजन गर्न सकिंदैन र छुट दिन पनि सकिंदैन। जनमत संग्रहको कुरा त धेरै दुरको कुरा हो जस्तो मलाई लाग्छ। र अर्को शंका फेरी के सिर्जना भएको छ त भने यो सम्झौताले अपराधीहरुलाई कतै उन्मुक्त दिने कुरा त सिर्जना गर्दैन ? यसै नाममा कतै अपराधीहरु ठूला अपराधीहरु जेलबाट छुटने सजायबाट आम माफी हुने परिस्थिति सिर्जना हुँदैन ? त्यस कारण यो परिस्थिति सिर्जना नहोस् भन्नका लागि म अनुरोध गर्छु। हस् त धन्यवाद ।

## माननीय सभामुखज्यू

अब म, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई सभामा शून्य समय तथा विशेष समयमा उठेका प्रश्नहरुको जवाफका साथै समसामयिक विषयमा आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

## माननीय हरिबहादुर चुमानज्यू

माननीय सभामुख महोदय, सम्मानित सदन समक्ष विगतका बैठकहरुमा माननीय सदस्यज्यूहरुले उठाउनु भएको केही महत्वपूर्ण विषयमा स्पष्ट गर्नको निम्ति यो रोष्ट्रममा उभिएको छु । सर्वप्रथम त कास्की जिल्ला पोखरा महानगरपालिका वार्ड नं. ९ नयाँ बजार स्थित गण्डकी मेडिकल कलेजले बढी शुल्क लिएको सम्बन्धमा विद्यार्थीले गरेको आन्दोलन बारेमा छ । जुन अलि लामै समय भयो अवसर मिलेन यसको समयमै स्पष्ट गर्ने र अहिले पनि उक्त गण्डकी मेडिकल कलेजको इमरजेन्सी बाहेक अरु सेवा बन्द नै छ । त्यस बारेमा भए गरेका पहलहरुको बारेमा मात्र राख्न चाहन्छु । यस सन्दर्भमा विद्यार्थीहरुले अतिरिक्त शुल्क फिर्ता गर्न, सरकारको निर्णय कार्यान्वयन गर्न, विद्यार्थीले तिरेका सम्पूर्ण रकमको बिल उपलब्ध गराउन र शुल्क भुक्तानीको विषयलाई लिएर विद्यार्थीलाई परिक्षामा सामिल हुन र परिक्षाफल हेर्नमा रोक लगाउने काम कुनै पनि रुपमा नगर्ने भन्ने यो चार वटा बुँदा उल्लेख गरेर निवेदन दिने ज्ञापन पत्र दिने आदि कामका साथसाथै तालाबन्दी गर्न पुगेको यो प्रक्रिया यसरी अगाडी बढेको देखिन्छ । बिचमा यो पचहत्तर दस तेइस गते कलेज प्रशासन विद्यार्थी संगठन र आन्दोलनरत पक्षबिच कलेज परिसरमै यो समस्या समाधानको निम्ति पहल भएको देखिन्छ तर त्यसबाट पनि समस्या समाधान भएन र त्यस पछि त्यो अगाडी बढदै पछि यो जिल्ला प्रशासन कार्यालयमा कलेज प्रशासनका सम्बन्धित पदाधिकारी आन्दोलनरत विद्यार्थी प्रतिनिधि जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि त्रि.वि.को छानबीन समितिका संयोजक तथा सदस्य त्रि.वी.ले पनि डा. ओम प्रसाद बरालको संयोजकत्वमा तीन सदस्यीय छानबीन समिति बनाएको छ । त्यो छानबीन छानबीन समितिको संयोजक तथा सदस्य र नेपाल मेडिकल काउन्सिलका प्रतिनिधि, नागरिक समाजको प्रतिनिधि लगायतको उपस्थितिमा मिति २०७५÷११÷१० गते गण्डकी मेडिकल कलेजको पुस्तकालय भवनमा छलफल भएको । त्यहाँ समझदारीको पहल भएको तर अब तेसबाट खासै निकास ननिस्केको र यो पछिल्लो चरणमा आएर २०७५÷११÷२१ मा विद्यार्थीहरुको तपर्फबाट गण्डकी

मेडिकल कलेजका अध्यक्ष लगायतका ६ जना र २०७५÷११÷२२ मा ४ जना गरी, १० जना विरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा ठगी मुद्दा दर्ता भएको । जिल्ला प्रहरी कार्यालयले २ जना  आरोपितहरुलाई पक्राउ गरी अनुसन्धान भई रहेको जानकारी प्राप्त भएको छ । र यो मेडिकल कलेजलाई अब मेडिकल कलेज अर्थात् यो अस्पताललाई सुचारु रुपमा अगाडी बढाउनको निम्ति निकै पहल भएर पनि यो निष्कर्षमा निकाल्न सकिएको छैन । जे भए पनि यसको अनुसन्धान अगाडी बढी राखेको छ । आयोगबाट पनि यसको जाँच अगाडी बढी राखेको छ । यो विषयमा अलि  पहिला नै  यसमा  प्रश्नहरु उठेको कारणले हामीसँग यो सदनलाई यो रुपमा स्पष्ट गर्न चाहें । अर्को हिजोका हिजोको हिजो पनि उठ्यो र आज पनि उठेको विषय छ कि यो मनाङ्ग, मुस्ताङ्ग र लमजुङ्ग लगायत म्याग्दीमा पनि अब यो अवधिसम्म लामोमा हिउँ परेको यहाँ भनिएको छ महिनौं दिनसम्म परेको हिउँ । यसको कारणले थुप्रै अब क्षतिहरु भएको समाचार आइरहेका छन् । यस सन्दर्भमा खास गरी लमजुङ्गको लमजुङ्गमा के भई राख्या छ भन्ने बुझियो । त्यसमा खासगरी मानव बस्ती भएको ठाउँमा हिउँ नपरेको । अं र चाँहि त्यो भन्दा बाहिर मानव बस्ती नभएको ठाउँमा २ मिटर सम्म हिउँ परेको भन्ने रिर्पोट छ   त्यस कारण क्षति नै भएको त्यसको कुनै रिर्पोट छैन । मुस्ताङ्गको हकमा हिमपातको कारण लोमान्डथाङ्ग ४ चुमजुममा चिसोले ४०० भेडा बाख्रा र करिब ५०÷६० वटा चौरी मरेको अवस्था छ । साथै बाटोको ट्र्याक पनि अवरुद्ध थियो । त्यो बाटोको ट्र्याक खोलिएको छ भन्ने रिर्पोट गर्नु भएको छ त्यहाँ बाट र २ फिट जति हिउँ जमेको छ र कुनै मानवीय क्षति नभएको जानकारी हामीलाई उपलब्ध गराईएको छ । बाटो त्यो अवरुद्ध बाटो खोल्ने क्रम अगाडी बढी रहेको छ भन्ने जानकारी हामीलाई  आएको छ । यस सन्दर्भमा  अब त्यो बाटो  खोल्नको  निम्ति  हामीले प्रशासनमा जिल्ला प्रशासनमा पहल गरी रहेका छौं र मुख्य कुरा यो क्षतिको विवरण, स्पष्ट विवरण नआई सकेको हुनाले । अहिले यो मोटामोटी एउटा अन्दाजी मात्रै

छ। यसको विवरण आई सकेपछि त्यहाँ के कसरी राहतहरु उपलब्ध गराउन सकिन्छ । त्यो बारेमा प्रदेश सरकारको तर्फबाट निर्णय हुनेछ भन्ने कुरा म यो सदन समक्ष जानकारी गराउन चाहन्छु। संगै मनाङ्गको सन्दर्भमा अन्नपूर्ण राउण्ड ट्र्याकिङ्ग जाने क्रममा बेपत्ता भएका दुई जना, एक जना निदरल्याण्ड निवासी र एक जना उनका गाइड नेपालको हिउँ पहिरोमा परेको अवस्थामा लाश फेला परेको । चामेदेखि मनाङ्ग जाने सडक खण्ड हिमपातले अवरुद्ध गरेकोमा ११/२५ गते डोजरद्धारा बाटो खोलिएको भन्याछ त्यो खोल्ने क्रम अझै जारी रहेको कुरा त्यहाँ सम्बन्धित जिल्लाका माननीय सांसद मार्फत पनि हामीलाई जानकारी भई रहेको छ । यस सन्दर्भमा यति कुरा जानकारी गराएं र अर्को यो बाग्लुङ्ग जिल्ला जैमुनी ८ को जनकल्याण मा.वि.को वार्षिक उत्सव कार्यक्रम सकेर फर्की राखेका विद्यार्थीहरु चढेको गाडी दुर्घटनामा परेको र त्यहाँ चार जना विद्यार्थीहरुको मृत्यु भएको र करिब बाह्र जना भन्ने मैले थाहा पा थिएं त्यस मध्ये पाँच जना मणिपालमा आई पुगेको । मणिपालका विरामीहरुको अवस्था अलि अलि गम्भीर रहेकोले उहाँहरुको उपचारार्थ प्रदेश सरकारको तर्फबाट प्रति एक अर्थात् प्रति जना पचास हजारको दरले पाँच जनालाई दुई लाख पचास हजार उपचार खर्च उपलब्ध गराइएको । मृत्यु भएका चार जनाको सन्दर्भमा त्यो गाडीको इन्सुरेन्स रहेको पाँच जना सम्मको इन्सुरेन्स हुने  हुनाले इन्सुरेन्सबाटै उहाँले रकम प्राप्त गर्नु हुन्छ भन्ने आधारमा प्रदेश सरकारबाट यसको छुट्टै निर्णय नगरिएको कुरा पनि यहाँहरु समक्ष अथवा सदन समक्ष जानकारी गराउन चाहन्छु । र यो अब आजै पनि हाम्रो सदनमा उठेको र अहिले चियाको कप चियाको कपमा तुफान ल्याइएको भन्न सकिन्छ यो विषयलाई यो फाल्गुण २४ गते सरकार र सि.के. राउतको बिचमा जुन सहमति भएको छ, यस सन्दर्भमा मैले आफूले बुझेको कुरा यहाँ राख्न चाहन्छु कि सरकार संविधान भन्दा बाहिर गा छैन । यो हामी सबैले यसलाई सामान्य ढंगले पनि बुझ्न सक्छौं भन्ने मलाई लाग्या छ र अर्को कुरा संविधानले संविधानमै उल्लेख छ, कि जनमत संग्रहको सन्दर्भमा सदनले दुई

तिहाईबाट पारित गरिसके पछि कुनै पनि विषयमा जनमत संग्रह गर्नु पर्दा दुई तिहाई बहुमत प्राप्त गरि सकेपछि मात्रै त्यो जनमत संग्रह गरिने कुरा निर्णय हुन पुग्छ । अर्को कुरा यहि सहमतिको एक नम्बरको बुँदामा सार्वभौमता, राष्ट्रिय अखण्डताको सन्दर्भमा कुनै जनमत संग्रह गर्ने निर्णय हुनैे सक्दैन । त्यो सम्बन्धमा एजेण्डा नै बन्न सक्दैन भन्ने कुरा पनि हामीले सहज रुपमा बुझ्न सक्छौं यसो हुँदा हुँदै यो जन अभिमत लेखिएको विषयलाई लिएर अब मैले अघि नै भनें चियाको कपमा तुफाननै ल्याउन खोज्या छ । यस बारेमा मैले यति मात्रै भन्न चाहें, प्रश्न उठी सकेपछि कि यो संविधान भन्दा बाहिर गएको छैन । सरकार संविधान भन्दा बाहिर जान सक्दैन र गएको छैन भन्ने एउटा विश्वास मैले यहाँ प्रकट गर्न चाहन्छु । र यसै सन्दर्भमा मैले यति मात्रै राखें र केही चाँही हाम्रो आन्तरिक मामिला तथा कानून मन्त्रालयको तर्फबाट भए गरेको काम पनि सम्माननीय सदन समक्ष जानकारी गराउन चाहन्छु । त्यस बारेमा हामीले यो कारागार व्यवस्थापनमा सहयोग पुऱ्याउनका निम्ति केही बजेट छुट्टयाएका थियौं । त्यो बजेट त कम थियो । थौरे रकम अन्य शिर्षकबाट रकमान्तर गरेर चाँहि हामीले त्यसको व्यवस्था गऱ्या छौं । त्यस अनुसार जिल्ला कारागार कार्यालय स्याङ्गजालाई भान्छा कोठा बनाउनको निम्ति डेढ लाख, जिल्ला कारागार कार्यालय, तनहुँको बाथरुम तथा मनोरञ्जन सामाग्री समेत गरेर ७०,०००, जिल्ला कारागार कार्यालय, मनाङ्गमा चाँहि अब मनोरञ्जन सामाग्री दियौं अथवा खेलकूद तथा मनोरञ्जन सामाग्री दियौं भनेर २०,०००, जिल्ला कारागार, अं पर्वतमा चाँहि ढल, पाइप, त्यो र चाँहि पानी टयाँकि निर्माणको निम्ति एक लाख, जिल्ला कारागार, कास्कीलाई भान्छा कोठा निर्माण गर्नका निम्ति १ लाख ३० हजार, जिल्ला कारागार, म्याग्दीलाई शौचालय र पानीको निम्ति १ लाख २० हजार, जिल्ला कारागार कार्यालय, बाग्लुङ्गलाई शौचालयका लागि १ लाख २० हजार, जिल्ला कारागार, मुस्ताङ्गलाई खेलकूद सामाग्रीको निम्ति २० हजार, जिल्ला कारागार कार्यालय, लमजुङ्गलाई शौचालय निर्माण गर्नको निम्ति १ लाख, जिल्ला कारागार

कार्यालय, गोरखालाई खेलकूद तथा मनोरञ्जन सामाग्री २० हजार गरेर आठ लाख पचास हजार रकम चाँहि यो कारागारलाई व्यवस्थापन गर्नको निम्ति प्रदेश सरकारको तर्फबाट निर्णय भएर गई सकेको छ । अ यो कारागार हाम्रो प्रदेश सरकार मातहत आई नसकेको तर पनि त्यहाँको स्थिति, त्यहाँ जाँदा त्यसको निरीक्षण गर्दा र कारागार प्रमुखहरुको एउटा भेला पनि यहाँ भएको थियो । एउटा अन्तरक्रिया पनि भएको थियो । उहाँहरुसंगको रिर्पोटको आधारमा यो निर्णय गरिएको कुरा म सदन समक्ष जानकारी गराउन चाहन्छु र अर्को, अर्को जानकारी गराउनु पर्ने अं विषय यो चौकिको सन्दर्भमा छ । माननीय सभामुख मार्फत सदन समक्ष के जानकारी गराउन चाहन्छु भने हामीले संघको तर्फबाट पनि केही चौकिहरु निर्माणको बजेट आउँछ होला र त्यो आई सकेपछि प्रदेश अब कहाँ कहाँ जरुरी पर्छ र त्यहाँ त्यहाँ प्रदेशले पनि अब चौकि भवन निर्माणको निम्ति बजेट विन्यास गर्न सजिलो होला अर्थात् त्यसले अलि ब्यालेन्स पनि गर्ला भन्ने हिसाबले धेरै समय पर्ख्यौं । अलिकति ढिला हुनका कारण पर्खिने पनि नै हो । अब पर्खिएर पनि साध्य छैन । अब सम्भावना कम बन्यो भनेर लाई सकेपछि हामीले निर्णय गरेका छौं यस सन्दर्भमा गाउँपालिका अथवा पालिकाकेन्द्रहरु। गाउँपालिका होस् वा नगरपालिका त्यो केन्द्रमा नै यदि त्यहाँ सुरक्षा चौकि छैन भने त्यसलाई प्राथमिकता दिने। अथवा त्यसलाई त्यहाँ चौकि निर्माण गर्ने भन्ने नीतिका आधारमा हामीले यसलाई विन्यास गरेका हौं । हुन त बजेटको शिर्षक त अब सिमा सम्बन्धमा थियो। सिमा क्षेत्र र हिमाली क्षेत्रहरु भन्ने थियो अब त्यो शुरुमा हामीले त्यसलाई बनाउँदा । त्यसो गर्दाखेरि हामीले त्यतिबेला फोकस मुख्य ध्यान दिएको कोरोला नाका र लार्केपास र तल त्रिवेणी अब त्यो ठाउँलाई हेर्नुपर्छ भन्या थियो तर अब कोरोलाको संघीय सरकारले नै गर्नु पर्ने यो अलि वृहत्तर कुरा भएको। अब लार्केपासमा त्यो नाकालाई हेरेर हामी चौकि निर्माण गर्न सकिने। अब त्रिवेणीको पनि अब नाकाको सन्दर्भमा त नाका खोल्ने कुरा बाँकि नै छ तर पनि त्रिवेणीमा पनि

एउटा इलाका प्रहरी कार्यालय, इलाका स्तरको प्रहरी कार्यालय भएको। त्यो अत्यन्त जीर्ण अवस्थामा रहेको। यि आदि कुरा त रहे तर अन्यत्र हामीले गाउँपालिका क्षेत्रलाई ध्यान दिएर जहाँ सुरक्षा चौकि छैन त्यसलाई आधार बनाएर हामीले १७ वटा चौकीलाई रकम विन्यास गरेका छौं । त्यसमा म यो हिमाली जिल्लाका दुई वटालाई एकतिस लाख पचास हजार छुट्टयाएका छौं । दुई वटा चौकी परे त्यस्तो। मैले यहाँ पढेर सुनाउँछु र अरुलाई सत्ताइस लाख पचास हजारका दरले यो रकम छुट्टयाइएको छ र यसको इस्टिमेट उहाँहरुले सम्बन्धित पालिकाबाट त्यो इस्टिमेट आई सकेपछि त्यो आधारमा आगामी वर्ष थप बजेट विन्यास गर्ने र यसलाई बहुवर्षीय, यो वर्ष नसकिने भएकोले बहुवर्षीय बनाएर यसलाई सम्पन्न गर्ने भन्ने नीति अनुसार यो छुट्टयाइएको छ। यो सम्बन्धमा म ससर्ति यहाँ राख्न चाहन्छु। विहादी गाउँपालिकाको केन्द्र, यो पर्वतमा विहादी गाउँपालिकाको केन्द्रलाई एउटा उल्लेख गरिएको छ। त्यसरी नै घिउ केरे घिरिङ्ग गाउँपालिका, घिरिङ्गपोखरीछापमा त्यसरी नै गल्कोट नगरपालिकाको नरेढाँटी प्रहरी चौकीलाई सुन्दर बजार नगरपालिकाको भोटेओडार प्रहरी चौकी सुन्दर बजार, विरुवा गाउँपालिकाको अब केन्द्र विरुवा प्रहरी चौकी विरुवा बजार, स्याङ्गजा, बन्दीपुर गाउँपालिकाको केन्द्र बन्दीपुर चौकि टोल नै भनिन्छ। लोमाङ्गथाङ्ग गाउँको केन्द्र अब लोमाङ्गथाङ्ग नै त्यसलाई अहिलेसम्म सिमा प्रहरी चौकी पनि भन्ने गरेको छ। त्यो त्यसलाई पनि हामीले छुट्टयाएका छौं । त्यसलाई अरुलाई २७ लाख ५० हजार, त्यसलाई ३१ लाख ५० हजार मैले अघि नै सुनाएं। चुमनुब्री गाउँपालिकाको केन्द्र यसलाई पनि हामी सिमा प्रहरी चौकी लार्के भनेर चिन्छौं। त्यसले नै कालीगण्डकी गाउँपालिकाको कालीगण्डकी गाउँपालिकाको यो विर्घा यसको पनि केन्द्रलाई छुट्टयाइएको छ। त्यसरी नै नार्पाभूमि गाउँपालिकाको केन्द्र यो च्याँखु भन्ने ठाउँ र त्यसरी हुप्सेकोट गाउँपालिका, नवलपरासीको केन्द्रमा विनयत्रिवेणी गाउँ पालिकाको अब केन्द्र यो त्रिवेणी मैले अघि नै राखें, त्रिवेणी इलाका प्रहरी कार्यालय हो । रघुगंगा

गाउँपालिकाको केन्द्र राखु म्यागदीमा, दोंदी गाउँपालिकाको यो श्रीभङ्गज्याङ्ग प्रहरी चौकीको नौ थरमा कोलासोथार गाउँपालिकाको केन्द्र मालिङ्ग, मालिङ्गचोक भन्छ र आबुखैरेनी गाउँपालिकाको अब केन्द्र नै हो र अब यो पूर्वी नाका पनि हो। अब यो आबुँखैरेनी, यो इलाका प्रहरी कार्यालय हो। यसरी सोह्र वटा चौकी भवन निर्माणको निम्ति बजेट विन्यास भएको कुरा पनि सदन समक्ष जानकारी गराउँदै र एउटा जानकारीको निम्ति मात्रै यो हाम्रो प्रदेश प्रहरी तालीम केन्द्रको अब जग्गाको जग्गा पनि स्वीकृत भएर आई सकेको तालीम केन्द्र बन्ने प्रकृयामा गएको हुनत यो संघीय सरकार मार्फत नै अगाडी बढी रहेको र यति बेला सात करोड चाँहि त्यो तालीम केन्द्र निर्माणको निम्ति विन्यास भएको। त्यसरी नै हाम्रो यो दंगा भनी गर्या छ दंगा प्रहरी तनहुँमा यसको निर्माण हुँदैछ । यसको निम्ति पाँच करोड रकम स्वीकृत भएर आएको। त्यसरी नै नवलपुरमा अब जिल्ला प्रहरी कार्यालय निर्माणको निम्ति तीन करोढ स्वीकृत भएर आएको यि कुराहरु पनि जानकारी गराउँदै आफ्नो स्पष्ट पार्नु पर्ने विषय यति नै रहेको । म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म, माननीय भौतिक पुर्वाधार विकास मन्त्री श्री रामशरण वस्नेतलाई सभामा शून्य समय तथा विशेष समयमा उठेका प्रश्नहरुको जवाफका साथै समसामयिक विषयमा आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

**माननीय रामशरण बस्नेतज्यू**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशको सम्मानित सदनमा मिति २०७५ फाल्गुण २६ गते विशेष समयमा माननीय सदस्यज्यूहरुले भौतिक पूर्वाधार विकास मन्त्रालयसंग सम्बन्धित विषय, विविध विषयमा उठाउनु भएका प्रश्नहरुको जवाफ सभामुखज्यू मार्फत यो सम्मानित सभामा दिन चाहन्छु । सर्वप्रथम पोखराको प्रदेशद्धारको रुपमा रहेको विजयपुर खोलाको पुल जोखिममा रहेको सन्दर्भमा २०७५/११/२५ गते विहान उक्त स्थानमा पुगि पुलको निरीक्षण गरी तत्कालै वैकल्पिक अस्थायी डाइभर्सन निर्माणका लागि

सडक डिभिजन कार्यालय, कास्की मार्फत प्रक्रिया अगाडी बढाइएको छ र माननीयज्यूहरुलाई थाहा छ यो पुल संघ सरकार अन्तर्गत चाँहि पर्छ तैपनि हाम्रो राजधानी जोडने महत्वपूर्ण पुल भएको कारणले गर्दा मिति २०७५/११/२६ गते, विहान ७ बजे मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ्गज्यू सहित कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी, पोखरा फुलबारी ब्यारेकका गणपति, सशस्त्र प्रहरी बल, मुक्तीनाथ वाहिनीका प्रमुख, जिल्ला प्रहरी कार्यालयका प्रमुख, सडक डिभिजन कार्यालय, कास्कीका सि.डी., वार्ड नं. २६ का अध्यक्ष एवम् पत्रकार सहितको टिम उक्त स्थानमा पुगि तत्काल अस्थायी डाइभर्सन कार्य अगाडी बढाउने र उक्त स्थानमा रहेको भगवति श्रेष्ठको हाल कायम रहेको घर टहरालाई व्यवस्थापन गरी उक्त डाइभर्सन फराकिलो गर्न घर, टहराहरु हटाउनु पर्ने हुँदा आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्ने देखिन्छ र उक्त स्थानमा २०७५/११/२६ गते साँझ ६.१५ बजेदेखि डाइभर्सन तयार भई मालवाहक सवारी साधनहरु सुचारु भई सकेको यस सन्दर्भमा भई सकेको छ। यस सन्दर्भम, यस सम्बन्धमा थप आवश्यक कार्य भई रहेको छ। २०५९ बाट शुरु भई २०६४ मा सम्पन्न ७५ मिटरको स्टिल ट्राँसकँक्रिट, डेस्क, स्लाब उक्त पुल नेपिकन कन्सट्रक्शनको डिजाईनमा सडक डिभिजन कार्यालय, पोखरा मार्फत निर्माण व्यवसायी बि.डि. एलाईट, बि.पि. एडभान्चर, जे.बि. पुरानो बानेश्वरलाई ३ करोड ७४ लाखमा सम्झौता भएको बुझिन्छ यस विषयमा मन्त्रालय मार्फत जानकारी लिने कार्य भई रहेको छ। कुन ठेकेदारहरु कुन हाकिमहरु भनेर फेयरलिस्ट हामी एउटा लिस्ट तयार गर्न लाई रहेको कुरा मैले यो माननीयज्यूहरुलाई जानकारी गराउन चाहन्छु। प्रदेश सरकार स्थापना संगसंगै यस समस्यालाई मध्यनजर गर्दैपोखरा महानगरपालिकाको २६ र १४ जोडने डहरेमा मोटर मोटरेबल पुल आवश्यक ठानी हाल पूर्वाधार विकास कार्यालय कास्की मार्फत बोलपत्र प्रकाशन भई रहेको व्यहोरा सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। र अब केही दिन पछि यो टेण्डर स्वीकृत गरेर त्यहीं अलिकति तल अर्को एउटा पुल प्रदेश

सरकारले बनाउन बनाउँछ अब तेसलाई तीव्रता दिने कुरामा हामीलाई राखेका छौं। र मुस्ताङ्ग जिल्लाको थासाङ्ग गाउँपालिकाको लेतेमा हिउँ पहिरो आएर समस्या सिर्जना गरेको साथै माथिल्लो मुस्ताङ्गको लोमान्थाङ्ग गाउँपालिकाको आवत जावतमा कठिनाई भएको सन्दर्भमा पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट सबइन्जिनियरलाई त्यहाँको वस्तुस्थिति बुझि जानकारी गराउन निर्देशन भए बमोजिम उक्त बाटो गाउँपालिका आफै खुलाउने तयारीमा रहेको हुँदा, तीन चार दिन भित्र बाटो सुचारु हुन सक्ने भन्ने उनीहरुले चाँहि जानकारी दिएको कुरो म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। पोखरा—बाग्लुङ्ग सडक विस्तार संगसंगै बिजुलीका पोलहरु धरापमा रहेको भन्ने सन्दर्भमा सम्बन्धित निकायमा मन्त्रालय मार्फत जानकारी गराई सकेकोछ। त्यसैगरी माननीयज्यूहरुले बजेट खर्च नगरी असारमा खर्च गर्ने गरी राखिएको त होइन भन्ने जिज्ञासा राखु भएकोमा भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको पहिलो कार्यालय २०७५ असोज महिनामा मात्र उद्घाटन भएको। सबै कार्यालयहरु अरु सबै कार्यालयहरु कार्तिक सम्ममा शुरु भएको हुँदा यस आ.व.को दुई चौमासिक सकिन लागेपछि काम गर्ने हिसाबले जम्मा एक चौमासिक समय व्यतित भएको छ । यस एक चौमासिकको अवधिमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरुबाट उल्लेख्य भौतिक र वित्तीय प्रगति भई रहेको चाँहि अवस्था छ । त्यस कारण कार्यक्रम कार्यान्वयनमा कुनै विलम्ब नगरी कार्यक्रम कार्यान्वयन गर्ने गरी अगाडी बढी रहेको व्यहोरा सम्मानित सदन समक्ष अवगत गराउन चाँहि चाहन्छु। अन्त्यमा माननीय सदस्यज्यहरुका अमूल्य सल्लाह एवम् सुझाव मार्फत नै मन्त्रालयलाई आफ्ना गतिविधिहरु अगाडी बढाउन सरल र सहज भई रहेको हुँदा आगामी दिनमा समेत थप सकारात्मक एवम् रचनात्मक सुझावको अपेक्षा राख्दै आ—आफ्ना भनाईहरु यहिं टुग्याउँछु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुखज्यू**

अब म, माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनलाई सभामा शून्य समय तथा विशेष समयमा उठेका प्रश्नहरुको जवाफका साथै समसामयिक विषयमा आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

## माननीय नरदेवी पुन मगरज्यू

माननीय सभामुख महोदयज्यू, सामाजिक विकास मन्त्रालयबाट हालसम्म सम्पादित भई रहेका कार्यहरुको विषयमा माननीयज्यूहरुले उठाउनु भएका जिज्ञासाहरुको बारेमा जानकारी गराउने अनुमति चाहन्छु । मन्त्रालयको योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने ४२ वटा कार्यविधिहरु मध्ये, मन्त्रिपरिषद्बाट ३० वटा र मन्त्रालयबाट ५२ वटा स्वीकृत भई योजना तथा कार्यक्रममा कार्यान्वयन भै रहेको । यस प्रदेशमा बेरोजगार नागरिकहरुलाई स्वरोजगार बनाउने उद्देश्यका साथ स्वरोजगार गण्डकी प्रदेश नामक मोबाइल एप्स तयार गरियो । उक्त मोबाइल एप्सबाट नागरिकहरुको आवश्यकता पहिचान गर्ने क्रम जारी छ र मोबाइल एप्स मार्फत गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा हाल २,००० नागरिकहरुको आफ्नो आवश्यकता हामीले प्राप्त गरेका छौं । त्यस मध्ये ४२ जनालाई एभोकाडोको तालीम हामीले दिई सकेका जानकारी गराउन चाहन्छु । प्रदेश स्वयंसेवाबाट सहयोग पु¥याउनको निम्ति १३६ जना पहिला राष्ट्रिय योजना आयोग अन्तर्गतबाट हाम्रो प्रदेशमा १३६ जना मध्ये ९० जनाको समय सकिएको र त्यसको बजेट हामीसंग आएको हुनाले । हामीले अहिले ९० जना विशेष गरीकन पशु, कृषि, वन, इन्जिनियरिङ्ग र कम्प्युटर जस्ता विषयमा हामीले ९० जनाको लागि हामी सूचना प्रकाशन ग¥यौं र हिजोसम्म हिजो अन्तिम दिन थियो । हिजो सम्म ५५१ जनाको हामीले आवेदन प्राप्त गरेका छौं । एक स्थानीय तह एक खेल मैदान तथा नगर पालिकामा रंगशाला निर्माणका लागि प्रस्ताव माग भई सकेको छ र यो अन्तिम चरणमा पुगेको छ । हामीसंग थोरै बजेट रहेको छ तर धेरै प्रस्तावहरु आएको छ । त्यसैले पनि हामी यो

अन्तिम चरणमा पुगेका छौं । उच्च उँचाई खेल तालिमकेन्द्र निमार्णको लागि हामीले मुस्ताङ्ग जिल्लालाई रोजेका छौं । र त्यसको विशेष गरिकन यही ठाउँमा गर्नु पर्छ भन्ने छ त्यसको जग्गा प्राप्तिको चरणमा हामी अगाडी बढेको कुरा जानकारी गराउन चाहन्छु । अन्तराष्ट्रिय स्तरको बहुउद्देश्यीय रंगशाला बनाउनको निम्ति हामीले ठाउँ पहिचान गर्ने क्रममा नै छौं । अन्तराष्ट्रिय क्षेत्रमा खेलबाट पदक प्राप्त गर्ने खेलाडीहरुलाई हामीले सम्मान र पुरस्कार दिने काम गरी रहेका छौं । थारु संग्रहालयको स्तरोन्नतिको लागि कार्य सम्पन्न भई सकेको छ र बहुसाँस्कृतिक ग्रामको लागि स्थान छनौट तथा जग्गा प्राप्तीको कार्य अगाडी बढेको कुरा जानकारी गराउन चाहन्छु । स्थानीय भाषा अध्ययनका लागि प्रस्ताव माग गरी कार्य अगाडी बढाइएको छ । गण्डकी प्रदेश विश्वविद्यालय स्थापनाको लागि कार्यदल गठन भई, कार्यदलले काम अगाडी बढाएको छ । कस्तो खालको स्ट्रकचर चाहिने, कति बजेट चाहिने, कस्तो खालको जनशक्ति चाहिने यो सम्बन्धमा काम गर्नको निम्ति हामीले कार्यदल गठन गरेर काम गरेको छ । प्रदेशमा एक प्राविधिक महाविद्यालय स्थापना तथा सञ्चालनको लागि स्थान छनौट र जग्गा प्राप्तिको कार्य अगाडी बढेको छ तर यो जग्गा प्राप्ति गर्ने काम नेपाल सरकारले हामीलाई दिनु पर्ने भएको कारणले गर्दा खेरी अलि अप्ठ्यारो सिर्जना भएको छ । यो सजिलो भएको छैन । विद्यालयमा पुस्तकालय, चर्पी, प्रयोगशाला आदि र बालविकास केन्द्रको व्यवस्थापन, सामुदायिक सिकाई केन्द्र र क्याम्पसहरुको स्तरोउन्नतिको लागि अनुदान प्राप्त गर्न प्रस्ताव माग भएर आई सकेको छ । हामी अन्तिम चरणमा पुगेका छौं । सबै कुरा अन्तिम चरणमा पुगेको छ । गल्फ क्रिकेट खेलमैदान र खेल एकेडमी स्थापनाको लागि पनि हामी फिल्ड भिजिट गरेका छौं । जग्गा प्राप्तीको चरणमा छौं । शिक्षा सम्बन्धी धेरै तालीमहरु सञ्चालन भई सकेका छन् तर स्वास्थ्यको तालीम केन्द्र पहिला संगठात्मक संरचनामा संघले हामीलाई दिन छुटाएको र हामीले मन्त्रिपरिषद् मार्फत माग गरी पठाई सकेपछि त्यो संगठनात्मक संरचनामा पठाई दियो तर त्यसमा काम

गर्ने कर्मचारी पठाएन त्यसैले स्वास्थ्यको तालीम सञ्चालन गर्न अलि गाहे भएको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु । हामीले गण्डकी प्रदेश सरकार र चाइनाको हेनान प्रान्त बिचमा जुन भगिनी रिलेशन हामीले कायम ग¥यौंें तेति बेला हामीले चार जना गण्डकी प्रदेशका विद्यार्थीहरुलाई चाइना पढाउन पठाउने चार वर्षको निम्ति फुल स्कलरशिपमा पढन पठाउने गरी हामीले सम्झौता गरेको थियौं। त्यसको निम्ति पनि हामीले सूचना जारी गरेका छौं। त्यसमा चार जना मध्ये दुई जना फार्मास्युटिकल इन्जिनियरिङ्ग र दुई जना टुरिज्म म्यानेजमेन्ट पढने गरी र प्लस टु मा साइन्स विषय लिएर पास गरेकाहरुलाई त्यो त्यसमा पठाउने गरी हामीले सूचना जारी गरेका छौं र अहिलेसम्म मेरो जानकारीमा जम्मा दुई जनाको मात्रै निवेदन आएको जानकारी छ। यसको अन्तिम म्याद २ गतेसम्म भएको कुरा यहाँहरु बिचमा म जानकारी गराउन चाहन्छु। गाउँपालिकामा २५ सैय्या र नगरपालिकामा ५० शैया अस्पताल निर्माण सम्बन्धी हाम्रो जुन बजेट थियो, यसको पनि हामीले प्रस्ताव आव्हान गरेर छनौटको अन्तिम प्रक्रियामा छौं । त्यस्तै प्रदेशका सबै स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने स्वास्थ्य उपकरण उपलब्ध गराउनका निम्ति पनि हामी छनौटको अन्तिम चरणमा भएको कुरा जानकारी गराउन चाहन्छु । प्रदेशको कोषमा १ करोड बजेट जम्मा गरेको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु । संघले हामीले हाम्रो गण्डकी प्रदेशमा विशेष गरिकन यात्रामा एक्सिडेण्ट हुँदा खेरी नागरिकहरुलाई बचाउनको लागि वालिङ्ग स्वास्थ्य चौकि, तनहुँ जिल्ला अस्पताल र जिल्ला स्वास्थ्य चौकिलाई हामीले छनौट गरेका थियौं । यसको पनि हामी अन्तिम चरणमै पुगेका छौं । अब छिट्टै हामीले बजेट रिलिज गर्दै छौं । गर्भवती तथा सुत्केरी महिलाहरुको लागि जटिलता व्यवस्थापनको लागि सुविधा सम्पन्न अस्पतालमा एअरलिफ्टिङ्ग गरी पु¥याउने कार्यको थालनी हामीले गरेका छौं। सामाजिक विकास सम्बन्धी विभिन्न तालीमहरु सञ्चालन गरी सकेका छौं । सँगै हामीले हाम्रो

गण्डकी प्रदेशमा हिंसामा पर्ने बालबालिका र महिलाको लागि सुरक्षित गृह स्थापना गर्नको निम्ति अस्ति २४ गते पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको बिचमा सम्झौता गरेर अब हामी काम थालनी गर्दै छौं । हाम्रो गण्डकी प्रदेशमा हामीले बालभेला सम्पन्न गरेका छौं र त्यो भेलाबाट बाल परिषद् गठन गरेको कुरा जानकारी यहाँहरुको बिचमा म गराउन चाहन्छु । स्थानीय तहसँग सहकार्यमा सामाजिक कुरिती, लैगिक हिंसा र मानव बेचबिखन नियन्त्रण सम्बन्धी चेतनामूलक कार्यक्रम तथा साँकेतिक भाषाको पनि हामीले तालीम शुरु गरेका छौं । साँकेतिक भाषाको तालीम चल्दैछ । हामी ११ जिल्लाको २२ जना सहभागीको बिचमा ५८ दिनको तालीम हामी सञ्चालन भै रहेको कुरा जानकारी गराउन चाहन्छु । हामीले अपाङ्गता भएका नागरिकहरुलाई सहायता सामग्री वितरण गर्ने कार्यक्रम अन्तर्गत केही वितरण गरेका छौं, केही वितरण गर्ने तयारीमा भएको कुरा यहाँहरुको बिचमा म राख्न चाहन्छु । हामीले प्रदेश सामाजिक विकास ऐन, बालबालिका ऐन, ज्येष्ठ नागरिक ऐन र अपाङ्ग ऐन मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त गरेको छ मन्त्रालयले अब यसलाई छलफलमा लगेर विधेयकको रुपमा अगाडी बढाउने कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु । प्रदेश स्तरमा विशिष्टिकृत अस्पतालहरु जस्तै महिला तथा बाल अस्पताल, मुटु, मृगौला, क्यान्सरको अस्पताल, हजार बेडको अस्पताल बनाउने हाम्रो जुन उद्घोष थियो यसमा हामी जग्गाको प्राप्तिको तयारीमा हामी लागि रहेको कुरा यहाँहरुको बिचमा जानकारी गराउन चाहन्छु र हामीले हजार बेडको अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई गण्डकी प्रदेश सरकारको मातहतमा ल्याउन सक्यौं भने त्यसैलाई विकास गर्न सकिन्छ भन्ने योजना हाम्रो थियो तर अहिले संघीय सरकारले त्यो हामीलाई दिइ रहेको छैन त्यसैले यो हजार बेडको अस्पतालको विषयमा हामी अलि धेरै छलफलमा जुटेका छैनौं । सँगै हामीले खेलकूदको सवालमा पनि धेरै जग्गाहरु प्राप्ति गर्न बाँकि छ । स्वास्थ्यको क्षेत्रमा मात्रै हामीले यो अस्पतालहरु बनाउनेलाई जग्गा छुट्टयाउँदा

खेरि ४६ प्रतिशत बजेट त्यसैमा छ तर हामीले जग्गा प्राप्त गर्न नसकेका कारणले हामीलाई अलि गाहे भएको कुरा यहाँहरुको बिचमा म राख्न चाहन्छु। सँगै उपलब्धीका कुराहरु पनि तपाईहरुको बिचमा म राख्न चाहन्छु । हामीले नवलपुर नयाँ जिल्ला, नवलपुरमा हामीलाई जिल्ला अस्पताल थिएन त्यसैले मध्यबिन्दु सामुदायिक अस्पताललाई सरकारी अस्पतालमा परिणत गरिकन गण्डकी प्रदेश सरकारको मातहत दिनको निम्ति हामीले संघीय सरकारलाई अनुरोध गरेका थियौं त्यो अनुरोध अनुसार संघीय सरकारले निर्णय गरेको छ र भोलि मात्रै हामीले त्यसको हाम्रो हस्तान्तरण कार्यक्रम हुँदैछ । सँगै हामीले नेपाल सरकारसँग हाम्रो गण्डकी प्रदेशमा पाँच वटा ठाउँमा मात्रै स्वास्थ्य कार्यालय सञ्चालन गर्ने गरी आएको थियो तर हामीले गण्डकी प्रदेश मन्त्रिपरिषद्ले ११ वटै जिल्लामा स्वास्थ्य कार्यालय हुनु पर्छ भनेर माग गरेका थियौं र सोही अनुसार त्यो माग पुरा भई आएको छ र हामी यो कार्यालय सञ्चालनको अवस्थामा पुगेको कुरा यहाँहरुको बिचमा म राख्न चाहन्छु । यति भन्दै म यो मन्त्रालयको गतिविधिको सन्दर्भमा यहाँहरुलाई यहि जानकारी दिंदै म आफ्नो भनाई यहिं अन्त्य गर्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

अब म, माननीय उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री श्री बिकास लम्साललाई विधेयक माथिको संसोधनको प्रस्ताव र विधायन समितिको प्रतिवेदन सहितको **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक" माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

## माननीय विकास लम्सालज्यू

माननीय सभामुख महोदय, सम्मानीत सभामा मिति २०७५ साल माघ १४ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक" माथि छलफल गरियोस्"** र नेपालको

संविधानको धारा १९८ को उपधारा (१) तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २(क) बमोजिम विधायन समितिको प्रतिवेदन र संशोधनको प्रस्ताव सहित विधेयक माथी छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद।

**माननीय सभामुखज्यू**

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयक माथी छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** गण्डकी प्रदेश, प्रदेशसभा नियमावली २०७४ नियम ११० को उपनियम (१) बमोजिम मा. दिपक कोईराला र मा. ईन्द्रलाल सापकोटाको संशोधनका सूचनाहरु प्राप्त भएका छन् ।

अब विधायन समितिको प्रतिवेदन र संशोधन प्रस्ताव सहितको "ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक" माथिको दफावार छलफल प्रारम्भ हुन्छ । दफावार छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ—आफ्नो नाम सभामुखको डयससँगै बसेका सचिवालयका अधिकृत कर्मचारीहरुलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**माननीय सभामुखज्यू**

अव म, सर्वप्रथम माननीय संशोधनको प्रस्ताव प्रस्तुतकर्ता माननीय श्री दिपक कोईरालालाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय दिपक कोइरालाज्यू**

माननीय सभामुख महोदय, ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयकको सम्बन्धमा संशोधनकर्ताको हैसियतले संशोधनका विषयहरुको बारेमा यो सम्मानित सभा समक्ष केही कुरा राख्ने जर्मको गर्दैछु खास गरिकन ताल संरक्षण तथा विकास प्राधिकरण जुन विधेयक पेश भएको छ त्यो विधेयकको मूल स्प्रिट प्रति पूर्ण समर्थन छ र त्यो ताल विकास प्राधिकरणको आवश्यकताको बारेमा हामीले गत वर्षदेखि नै छलफल गर्दै आएका हौं । र सरकारको नीति तथा कार्यक्रममा पनि तालको संरक्षण सम्बन्धी कार्यक्रमहरु आएको छ र त्यसलाई व्यवस्थित गर्नको लागि सरकारले सम्बन्धित मन्त्रालयले ताल संरक्षण तथा विकास प्राधिकरण निर्माण गर्ने जुन यो योजना बनाएको छ यो सही नै छ । यो निर्माण गर्ने कुरा र यसका कार्यक्षेत्रहरु, लक्ष्य र उद्देश्यहरु जे राखिएको छ त्यसप्रति हाम्रो पूर्ण समर्थन छ । माननीय इन्द्रलाल सापकोटा र मैले यसमा एउटा संशोधन पेश गर्‍या छौं । दफा ७ उपदफा २ खण्ड ख मा उपाध्यक्ष सम्बन्धी व्यवस्था छ त्यहाँ उपाध्यक्ष सम्बन्धी व्यवस्थामा विधेयक पेश हुँदा खेरि पोखरा महानगरपालिकाको मेयरलाई उपाध्यक्ष बनाउने व्यवस्था थियो र हामीले मेयर साबलाई उपाध्यक्ष बनाउँदा मन्त्रीज्यू र मेयर साबको भेटघाट हुन अलि गाहे हुन्छ कि ? किन भने यो समिति मैले पहिला पनि उठाउँदै आएको कुरा के हो भने हामीले निर्माण गर्ने, काम गर्ने समितिहरु अलि ब्युरोक्रयाटिक टाइपका मात्रै बनाउँदा हामीले जे उद्देश्य राखेका छौं त्यो विधेयकले जे उद्देश्य राखेको छ त्यो उद्देश्य पुरा गर्न सक्दैन कि ? त्यो विधेयकको उद्देश्य,त्यो विधेयकको कार्यान्वयनमा

जाँदा जे उद्देश्य राखिएको हो, त्यो उद्देश्य पुरा गर्न समस्या हुन्छ कि भन्ने हिसाबले विधेयकलाई नै त्यो पूर्णताको पूर्णता प्रदान गर्ने उद्देश्यले नै यो हामीले संशोधन राखेका छौं । त्यसमा चाँहि हामीले के भनेका छौं भने प्राधिकरणको कामको समन्वय गर्न एक जना उपाध्यक्षको व्यवस्था गर्ने, कार्यकारी उपाधक्षको व्यवस्था भनिएको । किन भने मन्त्रीज्यूले यसको अध्यक्षता गर्ने सन्दर्भमा मन्त्रीज्यूहरुका अरुपनि धेरै अध्यक्षता गर्नुपर्ने कामहरु हुन्छन् अरुपनि समिति हुन्छन् त्यस कारण त्यो एक जना उपाध्यक्ष जो त्यो विषयसंग विज्ञ रहोस्, त्यो विषयसंग विज्ञ रहेको व्यक्ति त्यसको उपाध्यक्ष भयो भने बल्ल त्यसमा चाँहि काममा हामीेले जे सोचका साथ काम अगाडी बढाई राख्या छौं त्यो हुन सक्दछ भनेर हामीले भन्या थियौं प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको सिफारिसमा उपाध्यक्षको नियुक्ति हुनेछ। उपाध्यक्षको कार्य अवधि ४ वर्ष र त्यसमा खास गरिकन अझै ताल, वन, वातावरण, जल, भू—जलाधार, पर्यटन तथा नीति निर्माण तहमा कम्तीमा ५ वर्षको अनुभव भएको भन्ने हामीले यसमा खास यो संशोधनमा उठाउन खोजेको या उपाध्यक्ष सम्बन्धी व्यवस्थामा गर्न खोजेको कुरा के हो भने, विज्ञहरुलाई ल्याएर दिउँ भन्ने कुरा हो । किन भने हामीसँग मैले अन्यथा भन्न खोज्या होइन तर पोखरा महानगरपालिकाको मेयरलाई बनाउँदा पोखरा महानगरपालिकाको प्रमुखलाई नै उपाध्यक्ष बनाउँदा किनभने पोखरा महानगरपालिका देशकै सबै भन्दा ठूलो नगरपालिका हो भौगोलिक हिसाबले कामका क्षेत्रहरु धेरै छन् । हामीलाई थाहा छ अहिले पनि यो महानगरपालिकाले गर्नु पर्ने धेरै कामहरु छन् । यो राजधानी हो, राजधानीको महानगरपालिका हो । त्यो हुँदैन भन्ने हिसाबले राख्या थियौं र पछि समितिले फेरि त्यसमा एउटा संशोधन गरेर समितिले के भन्यो भने, पोखरा महानगरपालिकाको प्रमुखले नभ्याउने हो भने सबै यो प्रदेशका स्थानीय तहहरुका प्रमुखहरु मध्ये एक जना राख्ने भन्दा चाँहि त्यो हामीले राखेको त्यो संशोधनमा पनि जुन संशोधन भयो त्यो धन्नै चित्त बुझ्दो भएन यो हिसाबमा त्यो झन गंजागोल जस्तो भयो । त्यस कारण सदनमा

हामीले यो उद्देश्यका साथ यो विधेयकमा हामीले राखेको हो र सदनमा अलिकति यो सदनमा संसदहरुको सार्वभौम अधिकारको प्रयोग पनि गर्नु पर्दछ भन्ने उद्देश्य पनि हो । किन भने सदनलाई अलिकति प्रभावकारी बन्न सकेन । सदनलाई अझै प्रभावकारी बनाउनु पर्‍यो भन्ने विषयमा पनि धेरै कुराहरु आई रहेका छन् र एउटा सांसदले सदनमा प्रस्तुत भएको विधेयक माथि संशोधन राख्न सक्दछ र छलफलमा सहभागी हुन सक्दछ भन्ने कुराको पनि एउटा यो यसलाई एउटा छलफल बहस एउटा यो आगामी दिनहरुमा हामीले छलफल गर्दै जाउँ भन्ने कुरा हो र अर्को कुरो यो विधेयकहरु निर्माण गर्दा विधेयकहरु निमार्ण गर्दा सम्बन्धित पक्षहरुसंगको छलफल पनि हुनु पर्दछ भन्ने कुरा पनि यो संशोधन राख्नुको उद्देश्य हो । किनभने ताल संरक्षण सम्बन्धी प्रस्ताव आई रहँदा किनभने हामी सबै यो संग सरोकार राख्द छौं । किनकि यो प्रदेशका सबै सांसदहरु यसको स्टेकहोल्डर हो । यसमा मेरो केही पनि भनाई छैन तर म जुन निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्दछु त्यो निर्वाचन क्षेत्रमा सात वटा ताल पर्दछन तर यो ताल सम्बन्धी संरक्षणको विधेयकमा छलफल हुँदा म यो सदनको एउटा सार्वभौम सदस्यको हैसियतले छलफलमा सहभागी हुने कुनै न कुनै ठाउँ त चाहियो नि मलाई त्यस कारण यो ठाउँको उपयोग गरेको हो । यो ठाउँलाई सदनलाई सदन सांसदको हैसियतले यो विधेयक माथि छलफल गर्ने एउटा राइट र यसको एउटा महत्वपूर्ण स्टेकहोल्डरको अनुभूति भएर मैले यो बारेमा चाहिने छलफलमा, छलफलको लागि यो सभा समक्ष यो विधेयकमा संशोधन प्रस्तुत गरेको हो। यो संशोधनका बारेमा म यति नै कुरा राख्दछु । धन्यवाद ।

## माननीय सभामुखज्यू

संशोधनको प्रस्ताव प्रस्तुतकर्ता मा. श्री ईन्द्रलाल सापकोटालाई संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय इन्द्रलाल सापकोटाज्यू

माननीय सभामुखज्यू, खासगरी यति बेला हामी ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयकको दफावार छलफलको सन्दर्भमा उपस्थित भई रहंदा यो विधेयक माथि प्रदेश सभाको एउटा सांसदको हैसियतले यसमा केही मेरा संशोधन प्रस्तावहरु रहेका छन् । सर्वप्रथम यो संशोधन प्रस्ताव राखि रहंदा यो ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक हाम्रो बिचमा जुन प्रस्तुत गरिएको छ यसलाई अझै व्यवस्थित गर्ने, परिमार्जित गर्ने । गण्डकी प्रदेशकै एउटा उत्कृष्ट विधेयक बनोस् भन्ने सकारात्मक मनसायका साथ माननीय दिपक कोइराला र मैले सल्लाह गरेरै हामीले यो संशोधन प्रस्ताव दर्ज गरेका थियौं । यसको बारेमा आफ्ना भनाईहरु राख्ने अवसर दिनु भयो माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । खासगरी धेरै कुरा माननीय दिपक कोइरालाले राखि सक्नु भएको छ । मैले तेता फेरी दोहोरा¥याउन चाहन्न । फेरि पनि मेरो भनाई के हो भने, प्राधिकरण बनाउने कुरा आफैमा महत्वपूर्ण छ । किनभने हामीले पयर्टनलाई गण्डकी प्रदेशको संमृद्धिको मुख्य आधार बनाएका छौं । पर्यटन विकासका निम्ति, पर्यटक आगमनका निम्ति तालको सौन्दर्य महत्वपूर्ण हुन सक्छ । तालको संरक्षण र विकास महत्वपूर्ण हुन सक्छ त्यसका निम्ति हामीले प्राधिकरणको आवश्यकता महसुस ग¥यौं। तेति हुँदा हुँदै पनि हाम्रो अहिलेपनि जोड कहाँनिर थियो भन्दा यो दुइटै कार्यकारी पोस्ट मन्त्रीज्यू अध्यक्ष रहने कुरा र पोखरा महानगरपालिकाको प्रमुख उपाध्यक्ष रहने कुराले कतै यो प्राधिकरण जुन उद्देश्यका साथ जुन मकसदका साथ आयो, यसले त्यो व्यस्ततामा काम गर्ने अपठ्यारो हुन्छ कि भन्ने हाम्रो आभाष थियो । हाम्रो संशोधन प्रस्तावको मकसद थियो । यो विषयलाई लिएर विधायन समितिमा पनि हामीलाई आमन्त्रण गरियो । हामीले धेरै महत्वपूर्ण कुराहरु राखेका छौं । दोस्रो कुरा म फेरि पनि भन्न चाहन्छु गण्डकी प्रदेशको राजधानी पोखरा हो । पोखरा तालैतालको राजधानी भन्न सकौंला तर पोखरा महानगरपालिकाले समग्र गण्डकी प्रदेशको प्रतिनिधित्व गर्छ कि गर्दैन ? फेरि पनि पोखरा

महानगरपालिकाले  समग्र गण्डकी प्रदेशको प्रतिनिधित्व गर्न सक्दैन । हाम्रो गण्डकी प्रदेशको राजधानी पोखरा हुन सक्छ तर ताल भनि रहँदा हामीले फेवाताल, बेगनास ताल र रुपाताल मात्रै सम्झेंउ । यो तालको परिभाषा भित्र हामी पोखरीका कुरा गरी हेका छौं, कुँआको कुरा गरि रहेका छौं तालका नयाँ सम्भावना र विस्तारका कुरा पनि गरि रहेका छौं । त्यस कारण यो दुइटै कतै कतै ताल भन्दा पोखरा सम्झिने, पोखरा भन्दा महानगरपालिका सम्झिने जुन स्थिति छ, त्यो धेरै वटा ठाउँहरुमा वास्तवमा पटक पटक उब्जिने प्रश्न हो यसो भनी रहाँ पोखरासंग जोडिएका साथीहरु हाम्रो असहमति विरोध होइन तर समग्र गण्डकी प्रदेशको प्रतिनिधित्व कतै कतै भएन कि भन्ने हाम्रो गुन्जायश यसमा रहेको थियो । त्यही आधारले हामीले यसलाई गण्डकी प्रदेश भरीको विधेयक, नवलपुरदेखि मुस्ताङ्गसम्मका सबै ११ जिल्लाले यो विधेयक माथि अपनत्व फिल होस् भन्ने उद्देश्यका निम्ति पनि हामीले यसमा संशोधन प्रस्ताव राखेका हौं । माननीय सांसदहरुको बिचमा यो संशोधन प्रस्तावको बारेमा आफ्ना केही भनाईहरु यो संशोधन राख्नका केही आफ्ना दृष्टिकोणहरु मैले यहाँहरुको बिचमा राखें । अर्को कुरा पनि एउटा राख्नै पर्ने मलाई महसुस भएको कुरा के हो भने हामी प्रदेश सभाका माननीय सांसदहरु यो विधेयकमा हामीले जुन संशोधन राख्यौं, मलाई लाग्छ विधायन समितिमा यि हाम्रा संशोधनहरुलाई मध्येनजर गरेर अझै यसलाई व्यवस्थित गराउन धेरै छलफलहरु भए । हामीले पनि त्यहाँ सहभागी  बन्ने अवसर प्राप्त गर्‍यौं र अहिले पनि हामी यो संशोधन माथिको औचित्यताका बारेमा यो संसदमा आफ्नो विचारहरु प्रस्तुत गरि रहेका छौं । मलाई लाग्छ दलीय मूल्य मान्यता भित्र रहेर, संसदीय मूल्य मान्यता भित्र रहेर संसदले आफ्नो सार्वभौम अधिकारलाई प्रयोग गर्ने थलो पनि संसद हो । यो मानेमा संशोधन प्रस्ताव राख्ने बित्तिकै सत्ता पक्षीय सांसदले राख्नु हुन्छ कि हुँदैन ? बहसको विषय बनाउनु हुन्छ कि हुँदैन ? छलफलको विषय बनाउनु हुन्छ कि हुँदैन ? भन्ने सन्दर्भमा मेरो अहिले पनि मत छ । छलफलको विषय बनाउनु पर्छ । कतिपय त्रुटिहरु हुन

सक्छन् । कमिहरु रहन सक्छन् । कतिपय चिजहरुमा ध्यान नपुगेको हुन सक्छ । त्यसलाई करेक्सन गर्ने अन्तिम  बिन्दु सम्म सांसदले सकारात्मक भूमिका अदा गर्नु पर्छ । तेही सकारात्मक भूमिका अदा गर्नका लागि यो संशोधन  प्रस्ताव  दर्ज गरेको कुरा  मैले सम्मानित संसद समक्ष राख्न चाहन्छु र विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अव म माननीय सदस्य श्री डोवाटे विश्वकर्मा लाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय डोबाटे विश्वकर्माज्यू**

सभामुख महोदय, ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक सभामा प्रस्तुत भई हामी छलफलको सन्दर्भमा हामी उपस्थित भएको छौं । विशेष गरी यो ताल संरक्षण प्राधिकरणको ज्यादै महत्वपूर्ण महत्व छ भन्ने मलाई लाग्दछ । किनभने हाम्रो यस प्रदेशलाई हामीले पर्यटकको क्षेत्रको रुपमा हामीले यसलाई विकास गर्न खोजेका छौं । त्यस्तै कृषिमा हामीले जोड दिन खोजेका छौं । विभिन्न कारणले मानव जीवनसंग सम्बन्धित जोडिएको कारणले पनि पानीको तेत्तिकै आवश्यकता भएको कारणले यसको तेत्तिकै महत्व छ भन्ने मलाई लाग्दछ तर यहाँ समितिको सन्दर्भमा मैले पनि केही कुराहरु यहाँ जोडन चाहेका थिएं विशेषगरी माननीय सांसदज्यूहरुले संशोधन प्रस्ताव हालेर त्यसलाई एउटा परिवर्तन गर्ने खालको जुन वातावरण सिर्जना गर्न उहाँहरुले संशोधन हाल्नु भएको छ त्यसको लागि पनि म धन्यवाद दिन चाहन्छु । वास्तवमा गण्डकी प्रदेश भरिमा हामीले दुई  वर्ष  भित्र पानी सबै नागरिकलाई पानी खुआउनी भनी हाम्रो प्रदेश सरकारको र प्रदेश सभाको जुन उद्देश्य छ त्यो पूर्ति गर्नको लागि पनि ताल संरक्षण समितिको पनि तेत्तिकै

महत्वपूर्ण भूमिका छ मलाई लाग्दछ र अर्को कुरा जुन बेलामा २०७२ सालमा भुकम्प गयो त्यस पछि पानीका मूलहरु सुक्ने र दब्बिने अवस्थाहरु भई रहेको अवस्थामा हामीले भएका चाँहि कुँआ, धारा, पँधेरादेखि लिएर ताल तलैया सम्पूर्ण कुरामा सम्पूर्ण  ठाउँहरुमा हामीले त्यसको संरक्षण गर्ने त्यसलाई जम्मा गरेर कम से कम हामीले कृषिमा आधारित, कृषिलाई जोड दिने र मानव जीवनसँग सम्बन्धित भएको कारणले गर्दाखेरिमा हामीले पानीको मूलको संरक्षण गर्नु पर्ने। तालहरुको संरक्षण गर्नुपर्ने कुरा, कुँआ तालतलैयाको संरक्षण गर्नु पर्ने यो विधेयकमा सम्पूर्ण कुराहरु जोडिएको छन्। त्यसले गरी त्यसको त्यत्तिकै आवश्यकता र महत्व छ भन्ने मलाई लाग्दछ तथापि यो समितिको गठन सम्बन्धमा यो ताल, यो पोखरा, हाम्रो गण्डकी प्रदेशको ४ नम्बरमा मात्रै हो कि भन्ने हिसाब किताबले जुन उपाध्यक्षले सिर्जना गर्न खोजिएको छ त्यसले अहिले पोखरामा भएको ताललाई मात्रै संरक्षण गर्न खोजिएको हो कि भन्ने हामीलाई अनुभूति भएको थियो। यस संशोधन प्रस्तावले निश्चय पनि यसलाई परिवर्तन गर्छ भन्ने मलाई विश्वास लागेको छ । अर्को कुरो यो बैठकको निर्णय सम्बन्धमा मैले थोरै कुरा मैले जोडन चाहे, कुनै पनि समितिको बैठकहरु बस्दाखेरिमा अहिलेसम्म भएका हामीले अनुभव गर्दाखेरिमा कुनै पनि बैठकको निर्णय गर्नु पर्नेमा ५१ प्रसेन्टले निर्णय गर्नु पर्ने भन्ने हिसाबको हाम्रो अहिलेसम्मको प्रक्रियाहरु अगाडी बढेको जस्तो मलाई लाग्छ तर यहाँ ५० प्रतिशतमात्रै भए, यसले बैठक गर्न सकिन्छ भन्ने यहाँ उल्लेख भएको कारणले यो बराबर समिति भएकोले कसरी निर्णय गर्न सक्छ त्यस कारणले गर्दा यो उपयुक्त भन्ने मलाई लाग्छ कि यसमा ५१ प्रतिशत बैठकमा उपस्थित सदस्यहरुले मात्रै यसलाई निर्णय गर्नु पर्छ र यसलाई तेति संशोधन फेरबदल गर्न मिल्छ कि मिल्दैन मलाई थाहा छैन तर मिलेसम्म ५१ प्रतिशत राख्नु पर्छ भन्ने मलाई लाग्दछ । त्यस कारणले गर्दाखेरि यसलाई परिवर्तन गरेर हामीले ५१ प्रसेन्ट  समितिहरुको प्रक्रियालाई अगाडी बढाउनका लागि पनि अनुरोध गर्दै जुन यो विधेयक आएको छ निश्चय पनि हाम्रो यो प्रदेशको

निम्ति, हाम्रो भएका तालहरु, र कुँआहरु, धाराहरु र सम्पूर्ण कुरालाई संलग्न गरेर यो प्रदेशका नागरिकलाई खानेपानी तथा कृषि विभिन्न खालका आवश्यकतालाई परिपूर्ति गर्नका लागि निम्ति यो ताल संरक्षण तथा विकास समितिको टेवा पुग्ने छ भन्ने भनाई राख्दै आफ्ना भनाई यहाँ राख्दछु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुखज्यू

अव म माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय हरिशरण आचार्यज्यू

माननीय सभामुखज्यू, ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक जो हाम्रो विचमा छलफल चली राखेको छ । यो विधेयक हाम्रो लागि अति आवश्यक पनि हो कि हामी पर्यटनको हिसाबले यो प्रदेशलाई मुख्य जोड गरी राखेका छौं त्यो प्रदेशको एउटा सम्पत्तिको मुख्य अंश तालहरु, त्यो पनि यो पोखरा भित्रका धेरै तालहरु यो पर्छन तर एउटा कुरा के हेक्का रहोस् भने ताल करिब छब्बिस सय मिटर अग्लो गोर्खाको नागेडाँडामा पनि छ भन्ने कुरा सम्झि दिनका लागि म आग्रह गर्न चाहन्छु । किनभने आज ताल संरक्षण प्राधिकरण यो प्रदेशको एजेण्डा हो । एउटा मात्रै कुनै जिल्ला विशेष अथवा कुनै शहर विशेषको अथवा एका ठाउँ विशेषको यो बनाइयो भने शायद हाम्रो लक्ष्य र हाम्रो उद्देश्य सिंगै घेरा भित्र खुम्चिन पुग्छ र त्यसलाई फराकिलो ढंगले व्यवस्थित गर्नका निमित्त म आग्रह गर्न चाहन्छु । दोस्रो कुरा म आग्रह गर्न चाहन्छु यो हामी जो कर्मचारीलाई हामीले चाँहि राजनीतिक बनाउने कुरा अथवा बोर्ड बनाउने कुरा अथवा त्यस पछाडी राजनीतिककर्मीलाई फेरी प्रशासनिक र प्राविधिक बनाउने कुरा हाम्रो लागि धेरै चुनौतिपूर्ण छ । अहिले

नेपालको सन्दर्भमा खडएिको विषयवस्तु यहि हो । अनि अन्तरविरोध खडा हुन्छ । अनि त्यो अन्तरविरोधको बिचबाट कुनै पनि योजना सही ढंगले कार्यान्वयन हुँदैन र हामीले जे चाहेका छौं त्यो लक्ष्य पुरा गर्न सकिन्न । त्यो कारणले गर्दाखेरि अहिले पनि उपाध्यक्ष बनाउने कुरा जुन छ । म अहिले पनि माननीय सदस्यहरुले त्यो शायद फिर्ता लिनु हुन्न भन्ने मलाई लाग्या थियो। हुन त सत्ता पक्षको धर्म होला त्यो कुरा । मैले त्यसलाई तेहि रुपमा बुझें तर साच्चैं भन्ने हो भने त्यसलाई प्रत्रिस्पर्धात्मक ढंगले ल्याउने व्यवस्था गर्नु पर्छ र विज्ञ अनि पोलिटिकल हिसाबले पनि त्यसको अ अधिकार सम्पन्न बनाएर ल्याउनु पर्छ । मेरो आग्रह यहाँनिर छ । अझै पनि मैले जोड गर्न चाहन्छु त्यो विषयवस्तु फिर्ता भएको प्रति म आपत्ति गर्न चाहन्छु । सम्बन्धित माननीय सदस्यहरुले सोच्न म आग्रह गर्न चाहन्छु दोस्रो कुरा । तेस्रो कुरा भनेको अहिले हामीले जुन ढंगले चाँहि यो विषयवस्तु छलफल गरी रहेका छौं यो विषयवस्तु अति गम्भिर बनी रहेको छ । हामी पर्यटनलाई प्रवर्धन गर्ने जुन योजनाका साथ यो विधेयक ल्याई राखेका छौं । यो विधेयक हाम्रो लागि शायद मलाई स्मरण छ यो माछापुच्छे शिरको पानी फेवातालमा आएछ । अरु पछाडि त नभनौं यति मात्रै भन्दा नि काफि छुन्छ । शायद यो गितले पनि हामीलाई फेरि तेही गाउनु परेछ भने पनि तेहि गित गाउँला जे भए पनि। तर यसको मर्म के हो भने यो प्रदेश र यसको मुख्य सम्पत्ति, यसको संरक्षण, यसलाई अधिकार सम्पन्न बनाउने कुरा मात्रै मन्त्रीमा सिमित गर्नु हुन्न। यसलाई प्रदेश सरकारको अझ माथि केन्द्रीकृत ढंगले जसरी केन्द्रमा एउटा अधिकार सम्पन्न प्राधिकरणको हिसाबले एउटा चाँहि अ भुकम्प पुर्ननिर्माणको विषयवस्तु अगाडी बढी राखेको छ । आज हामी त्यो चिजको माग गर्न सक्नु पर्छ । यो भयो भने मात्रै हामीले चाहेको यो प्रदेशलाई पर्यटनका हिसाबले अझ व्यवस्थित बनाउने कुरामा त्यो सम्भव छ यहि कुरा राख्दै म आफ्नो विषय टुग्याउँछु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुखज्यू**

अव म माननीय सदस्य श्री कृष्ण बहादुर थापा लाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय कृष्ण बहादुर थापाज्यू

माननीय सभामुख महोदय, आज हाम्रो यो सदनमा यस सम्मानित सदनमा हाम्रो मन्त्रीज्यूले जुन विधेयक यहाँ प्रस्तुत गर्नु भएको छ, यो एकदमै समसामयिक छ र एकदमै व्यवस्थित छ । यसको लागि म मन्त्रीज्यूलाई धेरै धेरै धन्यवाद व्यक्त गर्न चाहन्छु । हाम्रो यो गण्डकी प्रदेशमा संसारकै सबैभन्दा अग्लो भएको  ताल पनि हाम्रै प्रदेशमा र त्यसपछि प्रदेशको राजधानीको कुरा गरी रहँदा नेपालकै सबै भन्दा दोस्रो ठूलो ताल भएको पनि हाम्रो प्रदेशको राजधानी हो र हाम्रो यो सम्मानित सदनको दोस्रो अधिवेशन चली रहँदा यहाँ विषय उठेको चाँहि थियो । र त्यो दोस्रो अधिवेशनको सम्मानित सभामा मैले तालको यदि संरक्षण गर्ने हो भने अधिकार सम्पन्न ताल प्राधिकरणको आवश्यकता छ भन्ने विषय उठाएको चाँहि थिएं र व्यक्तिगत रुपमा मलाई आज खुशी पनि लागेको छ किनभने हाम्रो यो सम्मानित सदनले हामी यो विधेयक पास गर्न गई रहेका चाँहि छौं र नेपालको सन्दर्भमा कुरा गर्ने हो भने । २०६४ सालमा हाम्रो गण्डकी प्रदेशका सम्मानित मुख्यमन्त्रीज्यू नै त्यो बेलामा हाम्रो देशको पर्यटन मन्त्री हुनुहुन्थ्यो । उहाँकै कार्यकालमा नेपालमा पहिलो पटक राष्ट्रिय ताल संरक्षण बोर्ड बनेको थियो र त्यसको राष्ट्रिय अध्यक्ष हाम्रो वर्तमान प्रतिनिधि सभाका माननीय सदस्य खगराज अधिकारी त्यसको अध्यक्ष हुनु हुन्थ्यो तर सौभाग्यवश त्यसको अध्यक्ष बन्ने मौका मैले पाएको चाँहि थिएं यो सम्मानित सदनमा म प्रस्तुत गर्न चाहन्छु र अहिले हामी यो विधेयक यहाँ पेश भई सकेपछि यो बारेमा धेरै छलफल पनि गरी सकेका चाँहि छौं र यो हाम्रो प्रदेशको लागि एकदम अतिआवश्यक चाँहि थियो र नभई नहुने यो प्रदेशको समृद्धिमा टेवा पु¥याउने अ यो विधेयक चाँहि छ भन्ने कुरा हामी सबैले महसुस गरी रहेकै चाँहि छौं र यो विधेयक पास भई सकेपछि मलाई लाग्छ, हाम्रो

प्रदेशमा रहेका सम्पूर्ण तालहरुको संरक्षण मात्रै होइन यसको सम्पूर्ण सिमसार क्षेत्रको विकासमा यसले महत्वपूर्ण भूमिका खेल्ने छ । र जैविक विविधताको महत्वपूर्ण संरक्षण हुने छ । र आर्थिक समृद्धिमा एउटा सहयोगी भूमिका निर्वाह गर्ने छ । र अहिले भई रहेका जुन प्राकृतिक सम्पदा छन् धेरै अहिलेको नयाँ पुस्ताले तपाई हामीले देखि रहेका छौं हिजो हामीले जुन ढंगका ताल देखिएका थियौं आज तेस्ता छैन । धेरै धेरै एक खालको चाँहि पोलुशन भएको तपाई हामीले देखेको अवस्था पनि तेस्तो चाँहि छ । तसर्थ यो विधेयक पास भएर जब हामी हाम्रो प्रदेशमा लागु गर्ने छौं । यसले हाम्रो नयाँ पुस्तालाई इको संरक्षणका तालहरु हस्तान्तरण गर्न महत्वपूर्ण सहयोग पुग्ने छ। र तेति मात्रै होइन भविष्यमा हाम्रो प्रदेशमै नेपालमा पहिलो पटक ताल म्युजियम बनाउन सक्ने जुन सम्भावना छ । त्यसको सम्भावना पनि यो विधेयक पास भई सकेपछि हामी त्यो काम तर्फ पनि हामी उन्मुख हुन सक्छौं र तेति मात्रै होइन अहिले पनि समाजका स्वार्थी तत्वहरु प्राकृतिक सम्पदाको दोहन गरेर आफ्नो व्यक्तिगत स्वार्थ जुन प्रयोग गरी रहेकाछन् जब हाम्रो यो विधेयक लागु हुनेछ त्यसपछि ति स्वार्थी तत्वहरुले वास्तवमा त्यो मौका पाउने छैन । तसर्थ यो विविध कारणले यो विधेयक असाध्य महत्वपूर्ण छ र असाध्य मिहिनेतका साथ मन्त्रीज्यूले जुन यो सम्मानित सदनमा पेश गर्नु भएको छ । अब यसमा हाम्रो केही बहस छलफल पनि भएको छ । त्यो सबै कुराहरु यो विधेयकलाई अझै अझै अझै व्यवस्थित बनाउनका लागि आएका सकारात्मक विचारहरु हुन भन्ने हामी सबैलाई त्यो भन्ने महसुस भएकै छ । तसर्थ यो सम्मानित सभा सदनमा यो विधेयक प्रति मेरो आफ्नो पूर्ण समर्थन रहेको छ । हाम्रो पार्टीको पूर्ण समर्थन रहेको छ भन्ने विषय यहाँहरुको लागि राख्दै विदा हुन्छु । हस् । धन्यवाद । ”

**माननीय सभामुखज्यू**

“ अव म माननीय सदस्य श्री कुमार खडकालाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट । ”

## माननीय कुमार खड्काज्यू

“ माननीय सभामुख महोदय, आज यो विधेयकमा दफावार छलफल गरी रहँदा विधेयककै अशं .. नभए पनि विधेयककै संग सम्बन्धित सर्वोच्च अदालतले फेवाताल बचाउन गरेको जुन आदेश छ । त्यस अनुरुप प्रदेश सरकारले एउटा समिति बनाएर, त्यस तर्फ पाइला चालेकोमा प्रदेश सरकारलाई बधाई दिनका निम्ति मैले यो विधेयकको सहारा लिएको छु । बहुत महत्वपूर्ण काम गरेको छ प्रदेश सरकारले प्रदेशमा चाँहि के पायो नेपाली जनताले, के भयो हामीलाई भने प्रदेशका नेपाली जनताले सोध्दा यदि प्रदेश सरकारले बनाएको समितिले फेवातालको स्वरुप जस्ताको तेस्तै पुरानो स्वरुपमा ल्याउन सक्यो भने हामीले केही नगरे पनि फेवाताललाई बचायौं भने हाम्रो कार्यकालमा तेत्ति नै रटान गरेपनि हामीले आफ्ना क्षमता प्रदर्शन गर्न सक्छौं तर विभिन्न समिति बनाउने र त्यो समितिलाई गन्तव्यमा नपु¥याउने कुराले चिन्ता बढाएको छ । तेतातिर मैले नकारात्मक भन्दा सकारात्मक तर्फ नै जान्छु । संसद कानुन बनाउने थलो हो । यो अत्यन्तै जिवन्त हुनु पर्छ । आज पहिलो पल्ट सत्तापक्षका माननीय सदस्यहरुले विधेयकमा आ—आफ्ना भावहरु रायहरु राख्नु भएको छ । विधेयकमा संशोधन प्रस्ताव गर्नु सरकारको विरोध गर्नुको रुपमा लियौं भने हामीले संसदीय प्रक्रियालाई नै पद्धतिलाई नबुझेको हुन्छ। विधेयकलाई अत्यन्त जीवन्त रुपमा आफ्ना राय राख्ने हो भने प्रतिपक्षले विरोध मात्र गर्ने, सत्तापक्षले समर्थन मात्र गर्ने हो भने विधेयक कहिले पनि परिष्कृत विधेयक भएर जनताको सेवा गर्न सक्दैन तसर्थ माननीय सांसदहरुले विशेष गरेर सत्तापक्षका सांसदहरुले संशोधन प्रस्ताव राखेर एउटा संसदीय प्रक्रियालाई अझ बढी जीवन्त अझ बढी क्रियाशील बनाउनु भएकोमा म माननीय सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु र पुरस्कार स्वरुप यदि उहाँहरुले त्यो

प्रस्ताव राखि राखु भयो भने नेपाली काँग्रेसले समर्थन पनि गर्ने छ भन्ने कुराको म जानकारी दिन चाहन्छु । कस्तो महत्वपूर्ण कुरा, कस्तो विडम्बनाको कुरा जनताको कुलो बनाउनु पर्ने, सिंचाई गर्नु पर्‍यो, पुल बनाउनु पर्‍यो, बाटो बनाउनु पर्‍यो ल्याउनुस न हामीलाई पनि निर्वाचन क्षेत्र निर्वाचन पूर्वाधार विकास कार्यक्रम भनेर भन्दा सरकारका प्रतिनिधिहरु रोष्ट्रममा उभिएर उपदेश दिएको भनेर सुनिया छु । तपाईहरु कहाँ विकास गर्न आएको छ, र बजेट खर्च गर्न आएको? कानुन बनाउन आएको होइन ? कानुन बनाउनुस भन्ने । प्रतिपक्षले राखे, त्यो संख्याले नै फेल गरिदिने, सत्तापक्षले राखे व्हिप लगाएर निकाल्न लगाउने हो भने त्यो उपदेश अब आइन्दा दिन आवश्यक छ जस्तो मलाई लाग्दैन। विधेयक मात्र भित्र छिर्दा खेरि पाँचको ८/९(ड/ढ)... मा भएको व्यवस्थालाई विधायन समितिले एउटा प्रतिबन्धात्मक वाक्याँश थप्यो । के थप्यो भन्दा, अन्तरराष्ट्रिय निकायसंग सहकार्य गर्दा प्रदेश सरकारको अनुमति लिनु पर्नेछ भन्ने वाक्याँश थपेर प्रतिवेदन ल्याए तर पाँचको ९(ढ) ... मा के छ भने त्यहाँ अन्तरराष्ट्रिय निकायको पनि दातृ निकायको पनि उल्लेख गरेको हुनाले प्रदेश सरकारसंग मात्र अनुमति लिएर पुग्दैन प्रदेश सरकार मार्फत संघ र सरकारसंग अनुमति लिनु पर्ने संवैधानिक व्यवस्थालाई ऐनले बिर्सनु हुँदैन माननीय मन्त्रीज्यूको ध्यान म आकर्षण गर्न चाहन्छु । अन्तमा आठको तीनमा समितिको निर्णय सदस्य सचिवबाट प्रमाणित गर्नु पर्ने छ भन्या छ । म तपाईंलाई एउटा अनुभव सुनाउँ । म महिला बालबालिका मन्त्रालयको मन्त्री हुँदा समाज कल्याण परिषद्को अध्यक्ष पनि थिएं । प्रधानमन्त्रीज्यूले समाज कल्याणको सदस्य सचिवज्यूलाई निकाल्ने निर्णय गराएर आउनुस भन्नु भयो तर त्यहाँ नियममा के रे छ त भन्दाखेरि त्यो गरेको प्रमाणित गर्ने अधिकारी संघ सदस्य सचिव हुने । तपाईले निर्णय गर्नुस मन्त्रीज्यू म कहाँ साइन गर्छु र मेरै निकायले साइन पछि लानु हुन्छ कि लामो हुन्छ क्याबिनेट भन्नुहुन्छ । उनले सिगनेचर क्रममा उन्ले निकाल्ने, उनले सिग्नेचर गर्ने बल्ल त्यो निर्णय परिपक्व हुने हुँदाखेरि सदस्य सचिवलाई निकाल्न सकिएन । तपाईले फेरी तेही गल्ती

गर्नु भएको छ कि नाम, कार्यकारी निर्देशकलाई यो यो भनी निकाल्न पाउने भन्नु भएको छ तपाईंले भन्नु हुन्छ कि त्यो निर्णयको प्रमाणित सचिवबाट मात्र हुन्छ । भोलि तपाईले गर्ने त्यो निर्णय गरेको निर्णयलाई सम्बन्धित सदस्य कार्यकारीले वा सदस्य सचिवले म मान्दिन प्रमाणित गर्दिन भन्दियो भने । त्यसले ऐनले तपाईले गर्ने निर्णयमा बाधक हुन्छ । तालका मात्र कुरा आए । फेवातालका नजिक नजिक बस्नु भएका साथीहरुलाई तालका माया लाग्ला, हामीलाई पनि लाग्छ । महेन्द्र गुफा, चमेरी गुफा हाम्रै वडामा भएको हुनाले यस्तै यहि विधेयकसंगै जोडिएर आएको भएनि हुन्थ्यो । अझ गुफा क्षेत्र भित्र ससुराली नै भएका मन्त्रीज्यू भएको बेलामा पनि गुफा बिर्सिएको छ । सकिन्छ भने गुफा संरक्षण तथा विकास प्राधिकरण भन्ने विधेयक पनि संगसंगै आउँदा राम्रो हुन्छ । धन्यवाद । जय नेपाल । ”

## माननीय सभामुखज्यू

“अव म माननीय सदस्य श्री मधुमाया अधिकारी गुरुङ लाई छलफलमा भाग लिन समय दिन्छु । समय ९ मिनेट । ”

## माननीय मधुमाया अधिकारीज्यू

“माननीय सभामुख महोदय, माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूले यस सम्माननीय सदनमा २०७५ माघ १५ गते ताल संरक्षण तथा प्राधिकरण सम्बन्धी विधेयक सामान्य छलफल भई गण्डकी प्रदेश सभा नियमावली, २०७५ नियम १०८ उपनियम ख बमोजिम दफावार छलफल गरियोस् भनी विधायन समितिमा छलफल गरी आवोस् भन्ने विषय प्रस्तुत गर्नु भएको थियो । सभामुख महोदय, यसको प्रस्तावनामै गण्डकी प्रदेशमा ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण तथा दिगो उपयोग गरी, उपयोग गरी जैविक विविधताको संरक्षण प्राप्त सेवा पर्यापर्यतन प्रवर्धन तथा स्थानीय जनताको जिविकोपार्जन योगदान पुर्‍याउनका निम्ति अधिकार सम्पन्न ताल विकास प्राधिकरणको स्थापना तथा व्यवस्था गर्न आवश्यक भएकोले भन्ने

उल्लेख छ । यस विधेयकमा ताल प्राधिकरणको नामदेखि स्थापना संस्था उद्देश्य कर्मचारी पहिचान अन्वेशषण र अ अनुसन्धानसम्म रहेको छ । अ माननीय सभामुख महोदय, प्रदेशमा ताल र तालको जलाधार क्षेत्रको संरक्षण र पुर्नस्थापना र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र ताल वातावरण संरक्षण गर्ने ताल क्षेत्रको नक्शाङ्कन गर्ने, अतिक्रमण हटाउने, तालजन्य स्रोतहरुको दिगो उपयोग गरी तेस्ता स्रोतमा आश्रित नागरिकको, नागरिकको समृद्धिमा टेवा पु¥याउने, ताल क्षेत्रको दिगो व्यवस्थापन, पर्यटन, प्रवर्धन एवम् सरोकारवालाहरुको ज्ञान र क्षमतामा अभिवृद्धि गर्ने, नीति निर्माण गर्न तह सम्बन्धी योजना बनाउनका निम्ति सरकारलाई आवश्यक सहयोग पुऱ्याउने उद्देश्य सहित यो ताल संरक्षण प्राधिकरण आवश्यक रहेको छ भन्ने उल्लेख गरिएको छ । अ त्यसैले, अ तसर्थ सभामुख महोदय, गण्डकी प्रदेशमा राष्ट्रिय ताल संरक्षण तथा विकास समितिको तथ्याङ्क अनुसार साना, ठूला ताल गरी १६१ वटा तालहरु रहेका छन् । राष्ट्रिय स्तरमा ताल संरक्षणका केही प्रयास भएता पनि प्रदेश स्तरबाट यसको प्रभावकारी व्यवस्था हुन जरुरी छ । हामीले गण्डकी प्रदेशलाई पर्यटन, पर्यटनको हब बनाउँदै गर्दाखेरि प्रदेशलाई आर्थिक समृद्धिको एउटा महत्वपूर्ण स्तरमा राख्दै गर्दा खेरि एउटै जिल्लामा रहेका तालहरुको अनुसन्धान पहिचान गर्न आवश्यक छ। तालमा देखिएको थुप्रै समस्याहरु छन् यसबाट नकारात्मक विषयलाई न्यूनीकरण गर्ने, यसलाई आधुनिकरण गर्दै लैजाने यसबाट हो र यसका बेफायदाहरुलाई, फायदाहरुलाई भरपुर उपयोग गरी यस प्रदेशका यावक समस्याहरुको हल गर्न सकियोस् । हामीले ताल तालको चर्चा गर्दै जाँदा फेवाताल मात्रै बुझ्ने, बेगनास नबुझने, सात ताल नबुझ्ने, मनाङ्ग ताल अहिले पुरिएको अवस्थामा रहेको छ । त्यसलाई नबुझ्ने तिलिचो ताल, लमजुङ्ग दुधपोखरी, लिलाम पोखरी, नवलपरासी लगायतका थुप्रै तालहरु र पोखरीहरु छन्। यसलाई नबुझ्ने। जसरी नीति निर्माणको तहमा हामी गम्भीर छौं र प्रदेशलाई पर्यटनको हब बनाउने आर्थिक समृद्धिको आधार बनाउने हो भन्ने कयौं खोलाबाट बिजुली उत्पादन गर्दाखेरि तालहरु

हराएका छन् । तालहरुमा फोहोर डम्पिङ्ग गरि रहँदा पर्यटकहरुमा आकर्षण भन्दा विकर्षण पैदा भएको छ। तालहरुलाई पुरानै शैलीमा व्यवस्थापन गर्दा पर्यटकहरुमा उदासिनता पैदा हुने र इनकम घटने सम्भावना बढदै गएको छ। तसर्थ सभामुख महोदय, तालहरुको व्यवस्थापन र को सन्दर्भमा आधुनिककरण गर्ने, नयाँ नयाँ टेक्निक प्रयोग गर्ने, वृक्षारोपण गर्ने, प्राविधिक टेक्निकलहरु अपनाउने गऱ्यो भने सबैको मोह बढदै जान्छ । यस सन्दर्भमा विशेषज्ञ माननीयहरु र सबैको सल्लाह, परामर्श र सुझाव लिंदै अगाडी बढन जरुरी छ कि हामीले उद्देश्य राख्दा चन्द्रलाई छुने राखे र क्रियाकलाप गर्दा गोबरको मलको रासमा खोस्न शुरु गऱ्यो भने यो प्रदेशको लक्ष्य हासिल गर्न सक्दैन । सभामुख महोदय, हाम्रो प्रदेश तालै तालको खानी छ । यसको संरक्षण, प्रयोग र व्यवस्थापन गर्न सक्दा यो मणिको रुपमा परिणत हुन सक्छ । त्यस बेला, तेति बेला हामीले भनेको बेरोजगारी, हामीले भनेको गरिबी या हामीले भनेको पछ्यौटेपनको अन्त्य हुनेछ र प्रदेशले नयाँ मुहार फेर्ने छ । साँच्चै तालको, तालको छालसँगै शान्ति, समृद्धि, सुशासन कायम गर्न सकिने छ । तालको प्रयोग गरी ताल, जाल बुन्न थालौं भने शायद जालमा पर्न सक्छ । त्यसैले यसको विकासका लागि अल्पकालीन, दीर्घकालीन र मध्यकालीन योजनाहरु निर्माण गर्दै तालको विषयमा गम्भीर बनौं, फराकिलो दृष्टिकोण बनाऔं । थुप्रै समस्याका बावजुद पनि यो विधेयक आएको छ । यसको कार्यान्वयन गरौं । यो विधेयकको पक्षमा यति कुरा राख्दै विदा हुन्छु । धन्यवाद । ”

## माननीय सभामुखज्यू

“अब म माननीय उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री श्री बिकास लम्साललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु । ”

## माननीय विकास लम्सालज्यू

“माननीय सभामुख महोदय, ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयकमा सात जना माननीय सदस्यहरुले अत्यन्तै महत्वपूर्ण आफ्ना

भनाईहरु, सुझावहरु राखु भएको छ । यसका लागि म हार्दिक धन्यवाद दिन चाहन्छु । हामीले यो गण्डकी प्रदेशमा विकास र समृद्धिको आधार मान्ने यो ताल पानीबाट गर्न सकिन्छ भन्ने सरकारले केही सोचेरै यो विधेयक अगाडी ल्याएको छ । विधेयक हामीले सामान्यतया हाम्रो विधेयकहरु आउँदाखेरि संघमा बनेका विधेयकहरुको आधारमा हामीले प्रदेशले विधेयक ल्याउने गर्छौं र अरु धेरै हामीले एउटा आधार बनाउँछौं तर यो विधेयक विशुद्ध हामीले अ प्रदेश सरकारले आफ्नै यसमा चाँहि क्यारे सबै अनुभवहरुलाई हामीले धेरै प्रयासहरु गरी रहेका छौं । यो कुनै अरु विधेयकहरु जस्तो कपि गरेर आएको छैन । यो प्रदेशकै विकासको सम्भावना हेरेर हामीले यहाँको ताल, पोखरी, कुण्ड, कुँआहरुलाई व्यवस्थित गर्ने हिसाबले यो विधेयक ल्याएका छौं। यसमा हामीले धेरै चरणको विज्ञहरुसँग पनि व्यापक छलफल गर्‍यौं र विशेष गरी सबै माननीय सदस्यहरुले यसमा सकारात्मक कुरा गर्नु भयो । यो आवश्यक छ र यो गर्नै पर्ने काम हो र गण्डकी प्रदेशको लागि नभई नहुने कुरा हो भन्ने कुरा आयो र यसमा केही कुराहरु यो दफा ५ मा जुन हामीले दफा ७ मा जुन हामीले कार्य व्यवस्था समितिको व्यवस्था गरेका छौं। त्यसमा केही कुराहरु आए र म माननीय सदस्यहरुले उठाएका कुराहरुलाई सकारात्मक रुपमै लिन चाहन्छु तर हामीले यो दफा ७ मा १५ जना कार्यकारी समितिको एउटा व्यवस्था गरेका छौं। यसमा सबै कुरा राखेका छौं र हाम्रो गण्डकी प्रदेशमा ८५ वटा स्थानीय तहहरु छन् र यसमा हामीसंग एउटा महानगरपालिका पनि छ र यो दफा ७ दफा १० संग पनि जोडिएको छ। तपाईं हामीले यो विधेयकको दफा १० लाई पढ्यौं भनेदेखि माननीय सदस्यहरुले यसमा चाँहि के रे यो यहिं नै हामीले एउटा देख्दाखेरि के भयो भने हामीले यो महानगरपालिकालाई नियाल्ने प्राथमिकता दिन खोजेको हो कि? मन्त्रीकै संयोजकत्वमा कमिटि बन्ने, १५ जनाको समिति बन्ने भएसि, उपमहानगरपालिकाको मेयरलाई उपाध्यक्ष राख्दाखेरि यसलाई प्राथमिकता दिन खोजेको हो कि भन्ने कुरा यहाँ बाहिरबाट हेर्दा तेस्तो लागे पनि यसको यर्थाथ

के छ भने हामीले यसको दफा १० मा आवश्यकता अनुसार स्थानीय तहमा पनि कमिटिहरु बन्न सक्ने छन् भनेर हामीले व्यवस्था गरेका छौं । यो दफा १० मा हामीले गण्डकी प्रदेश सरकारको मन्त्रीको संयोजकत्वमा बन्ने र स्थानीय तहमा पनि फेरि हामीले आवश्यकता अनुसार ताल संरक्षण गर्ने कमिटि बनाउँदा खेरि गण्डकी प्रदेश सरकारको कमिटि पनि यहिं पोखरामै हुन्छ र यसको समग्र यो हामीले यो तालको विधेयक बनाउँदा खेरि तिलिचो ताल देखि करुवा तालसम्म र हामीले गोरखाको नागिडाँडादेखि हामीले मौलाकालिकाको धवातालसम्म ति सबै ताललाई हामीले ध्यान गरेरै बनाएका छौं । हामीले यहाँ तालमा चाँहि ठूलो फेवाताललाई मात्रै होइन, ताल, पोखरी, कुण्ड, कुँआ सबैको संरक्षण गर्ने कुरालाई नै हामीले यो हाम्रो यो विधेयकमा तपाईंहरुले पढदाखेरि यसका सबै सैद्धान्तिक कुराहरुलाई हेर्नु भयो भने त्यो कुरा प्रष्ट छ। सबै माननीय सदस्यहरुले त्यसमा सकारात्मक कुरै गर्नु भयो। हामीले यहाँ यो गण्डकी प्रदेश  सरकारले १५ जनाको कमिटि बनाउँदा खेरि हामीले त्यो पनि सोचेका थियौं। हामीले विगतमा देशमा यस्ता किसिमका प्राधिकरण गठन गर्दा खेरि संरचना धेरै बन्ने। त्यसले फन्कसन नगर्ने। त्यसले खर्च राज्यलाई बढि हुने तर त्यसले रिजल्ट निकाल्न नसक्ने। हामीले अहिले यसमा १५ जनाको गरे पछि एउटा कार्यकारिणीको व्यवस्था गरेका छौं। माननीय सदस्यहरुले भने जस्तो हामीले नगरपालिकाको उपमेयरलाई नराखेर अर्को कसैलाई उपाध्यक्ष राख्यौं भने फेरि त्यो उपाध्यक्षलाई गाडीको व्यवस्था गर्नु पर्‍यो । त्यो उपाध्यक्षलाई पनि हामीले अफिसको व्यवस्था गर्नु पर्‍यो। त्यो धेरै गर्दा खेरि झन खर्च बढ्छ। हामीले यसमा के गरेका छौं भने मन्त्रीको अध्यक्षतामा कमिटि बन्छ १५ सदस्यीय, उपाध्यक्ष महानगरपालिकाको मेयर बन्नु हुन्छ। त्यसपछि अरु हामीले मन्त्रालयको सचिवहरु बन्नु हुन्छ, त्यो दुई जना महिला सहित हामीले तालसंग विशेषज्ञहरु ल्याउँछौं र अरु तीन जना पनि विभिन्न ठाउँबाट हामीले प्रतिनिधित्व गराएर हामीले १५ जनाको बनाउँछौं । हामीले त्यो खर्च कम गर्नका लागि र हामी

त्यो महानगरपालिकाको उपमेयर भएपछि मन्त्री र उपमहानगरपालिकाको मेयर उपाध्यक्ष बनाएको, हामीले एउटा यो महानगरपालिका हाम्रो प्रदेशको स्थानीय तहको सबैभन्दा एउटा ठूलो संस्था पनि हो स्थानीय तहको। त्यो खाली एउटा त्यसमा एउटा सदस्य नभनेर हामीले उपाध्यक्ष मात्र भनेको हो । त्यसले एउटा समितिले निर्णय गर्छ। काम गर्ने कार्यकारी निर्णय हो। हामीले यसमा धेरै छलफल गऱ्यौं। हामीले महाशाखा बनाएर जाउँ कि, विकास समिति बनाएर जाउँ कि, हामीले प्राधिकरण बनाएर जाउँ कि, हामीले कम खर्चमा, आवश्यकता अनुसार भोलि हामीले यसलाई फेरी यो विधेयकलाई कार्यान्वयनमा लगि सकेपछि। हामीले यसलाई पाँच एकमा को रुपमा यो आई सकेपछि। हामीले भोलि फेरी धेरै कुराहरु यसमा हामीले आवश्यकता अनुसार संरचना बनाएर जान पनि सक्छौं । अहिले कम खर्चमा हामीले ताल र प्राधिकरण यो प्राधिकरण बनाएर हामीले यो समितिले निर्णय गर्छ र त्यो कार्यकारीले त्यसलाई कार्यान्वयनमा लैजान्छ र अरु कर्मचारीको यो संरचनाको बारेमा चाँहि धेरै कुरा उठेको थियो । सरकारले व्यवस्था गरे अनुसार हुनेछ भनेर हामीले यसमा धेरै कुरा लेखेका छौं । यो विषयमा हामीले धेरै मैले समितिमा पनि ११ माननीय सदस्यहरुलाई भनेका थिएं । यो एउटा रिलेटेड छ बाहिर हेर्दाखेरि मेयरलाई अलि प्राथमिकता दिने जस्तो देखिन्छ तर भित्री कुरा हेर्ने हो भने हामीले पनि गण्डकी सरकारले एउटा समिति बनाउने अनि फेरी महानगरपालिकाले पनि बनायो भने समानान्तर जस्तो नदेखियोस किन महानगरपालिकाको स्रोत र साधन पनि बढि छ। त्यो पनि यहि बन्ने हो। फेरि त्यसले गर्दाखेरि अहिले सरकारले महानगरपालिकालाई आफै गर्छ। र सरकारले अरु बाहिरको गरोस् भन्ने फेरि हुन्छ नि हाम्रो कहिले कहिले समानान्तर देखिन्छ नि। त्यो नबनोस्। र त्यो एउटा यहाँ बन्ने महानगरपालिका भित्र धेरै तालहरु पनि छन्। स्रोत साधन पनि छ। त्यो मिलाउ भनेर फेरि विज्ञले यो गरेर राम्रो हुन्छ है । यसले यो कन्ट्रोल पनि हुने भयो र एउटा सबैको ध्यान पनि गयो अनि गर्ने तालकै विकास हो र अरु

स्थानीय स्तरमा पनि आवश्यकता अनुसार हामीले कमिटि बनाउने भनेर धारा १० मा लेखेकै छ। त्यो कुरालाई  नहेर्दा खेरि बाहिर यो देखिए पनि यो एकदमै सकारात्मक छ। यसमा माननीय सदस्यहरुले यो यो जुन एक किसिमको छलफल गर्नु भयो। एउटा कुरा उठाउनु भयो त्यो एउटा सांसदको राइटस हो। सत्तापक्षको सांसदले के रे त्यो यो प्रस्ताव ल्याउँदैमा चाँहि यो केरे यो त छलफलमा टुगों पुग्ने बेलासम्म यो एउटा प्रक्रिया त अगाडी गई हाल्छ। यसले झन धेरै छलफल भएको छ। जनताले पनि यो विषयलाई राम्ररी हामी सांसदहरुका प्रतिनिधि होइन। हामी त जनताका प्रतिनिधि हो नि। त्यो विषय छलफलले टुगों लगाएको संसदमा आउने कुरा यसलाई केहि अन्यथा हुँदैन । धेरै हिसाबले यो सकारात्मक हिसाबले आएको छ । माननीय सदस्यहरुलाई म विश्वास दिलाउन चाहन्छु ६ जना माननीय सदस्यहरुले यो सबैको व्यवस्थित गर्ने कुरा सोचोस् यसले व्यवस्थित गरोस् र यहाँको ताल पोखरी मैले त एकदमै धेरै, म च यो १७ औं लेकसम्मेलनमा म जापानमा जाने अवसर पाएं । मैले यो ताल प्राधिकरणको बारेमा हामीले  छलफल गर्दै थियौं। त्यहि बेलामा ताल विकास समितिले यहाँ एउटा  सम्मेलन राख्यौं। त्यसमा त्यहाँको नाकामोडा भन्ने प्रोफेसर आएको थियो त्यो बेलामा। ल तपाई आउनुस हामीले कसरी काम गरी रहेका छौं भनेर उहाँले प्रस्ताव गर्नु भयो र निमन्त्रणा नि आयो र हामी गयौं पनि। त्यहाँ हामीले देख्दाखेरि त्यो कस्तो रहेछ भने। त्यहाँ चाहि ११५ देशका प्रतिनिधिहरु आएका थिए, धेरै प्रोफेसर आएका थिए। त्यहाँ सबै तालको कसरी  विकास भए, कसरी त्यसको संरक्षण भए, कसरी गरे भन्दा त हामीसंग त केही पनि थिएन। एक पेपर लिएर गएको थियौं हामी बोल्ने। उनीहरुको एउटा मन्त्रीले, त्यहाँको राष्ट्रको प्रतिनिधिले, प्रोफेसरले राख्दा खेरि पावरपोइन्ट देखाई तालको विकास कसरी भयो देखायो। हाम्रोमा अहिलेसम्म तेस्तो व्यवस्थित थिएन।अब हामी यो काम गर्नका लागि यो शुरु गरेका छौं। हामी प्रत्येक ८५ वटा स्थानीय तहमै यस्ता रिक्रिएशन सेन्टर बनाउन सक्छौं। त्यो पोखरीमा हुन सक्छ। खोलाहरुलाई

थुनेर कुँआ बनाएर हुन सक्छ  त्यसको यो विधेयक अतिआवश्यक छ। यसले यहाँको पोखराको  महानगरपालिकालाई मात्र फोकस गर्न खोजेको र यहाँ मात्र गर्न खोजेको भन्ने अर्थमा हामीले लिनु हुँदैन । हामीले समग्र ८५ वटा स्थानीय तहमै गण्डकी प्रदेशका सबै ठाउँमै हामीले यो कुरा गर्न खोजि रहेका छौं र यसमा माननीय सदस्यहरुले अत्यन्तै राम्रो कुरा राख्नु भयो र हाम्रो माननीय कुमारले उठाउनु भएको जुन यो दफा ५ मा होइन ६ को (ड) मा हो । हामीले त्यो अन्तरराष्ट्रिय यो उसको लागि राखेको दफा ६ मा जुन कुरा प्रष्ट रुपमा हामीले राखेका छौं । ताल तथा तालको जलाधार क्षेत्रसंग सम्बन्धित जल तथा भूउपयोगी योजना सम्बन्धी संरक्षण, सदुपयोग र व्यवस्थापन सहयोग पुऱ्याउन राष्ट्रिय तथा अन्तरराष्ट्रिय दातृ निकायहरु र विश्वविद्यालयसंग अध्ययन र अनुसन्धान गर्ने यो कुरा हामीले किन राखेको हो भने तपाईले फिनल्याण्डमा चाँहि १ लाख ६६ हजार तालहरु रहेछन्। त्यहाँ सरकारले एउटा केही कुरा गरेपछि यूनिर्भसिटिको विद्यार्थीहरुले रिसर्च गरेर संरक्षण गरी राखेछन् । हामीले यहाँ पनि हामीले  यो प्राधिकरणले जुन कुरा अरुले ल्याउँछ र हामीले त्यो यूनिर्भसिटि त संगसंग बने । राष्ट्रिय अन्तरराष्ट्रिय सम्बन्ध गरेपनि यसको संरक्षण गर्ने, जगेर्ना गर्ने र विकास गर्ने कुरालाई चाँहि प्रष्ट पार्नको निम्ति यो फेरि अन्तरराष्ट्रिय सम्बन्धको बारेमा संघीय कुरा अस्पष्ट नहोस् भनेर हामीले यसलाई विश्वविद्यालयसंग पनि विद्यार्थीहरुसंग रिसर्च गर्नेहरु पनि जोडनका लागि हामीले यो ६ को (ड) मा यो कुरा त्यो हिसाबले राखेको हो । यसमा चाँहि यो धेरै राष्ट्रिय अन्तरराष्ट्रिय अनुभवहरुलाई हेरेर, विज्ञहरुसंग परामर्श गरेर, धेरै हामी मन्त्रिपरिषद् भित्र पनि व्यापक छलफल गरेर, कानूनका साथीहरुसंग परामर्श गरेर हामीले यो विधेयक ल्याएका छौं । यो एकदमै पहिला हामीलाई पनि लागेका थियो यो कसरी गर्ने होला, के गर्ने होला भनेर हामीले एउटा प्रस्ताव पनि माँग्यौं । धेरै जनाले  ...

**माननीय कुमार खड्काज्यू**

माननीय मन्त्रीज्यू १२१ को र १२२ उलङ्घन गरेको देखिएको छु मैले के हो भन्दा खेरि उहाँले जे पढै राख्नु भएको छ। मूल विधेयक पढि राख्नु भएको छ। तर विधायन समितिले उहाँको मूल विधेयकमा केही संशोधन सहित प्रतिवेदन पेश गऱ्या छ अब मूल विधेयकमाथि हामी छलफल गर्दैनौं। विधायन समितिको प्रतिवेदनमा छलफल गर्छौं जस्तो उहाँले उपाध्यक्षको रुपमा पोखरा महानगरपालिकाको प्रमुखको व्याख्या गरी राख्नु भएको छ तर विधायन समितिले पोखरा महानगरपालिकाको प्रमुखलाई हटाएर अ गण्डकी प्रदेश भित्र भएका ८५ वटा स्थानीय तहका प्रमुख मध्ये प्रदेश सरकारले रोजेको व्यक्ति भन्ने उल्लेख छ। त्यस्तै अ अहिले नै माननीय मन्त्रीज्यूले बोली राख्नु भएको कुरामा पनि अ प्रदेश सरकारसंग अनुमति लिनु पर्ने भन्ने प्रतिबन्धात्मक वाक्यांश मूल विधेयकमा छैन। विधायन समितिले राखेको छ। मन्त्रीज्यूले विधेयकलाई व्याख्या गर्दा विधायन समितिको प्रतिवेदनमा भएको अंशलाई जोडेर व्याख्या गरी दिनु पर्छ। भएन भने भोलि पास हुँदाखेरि विधायन समितिको प्रतिवेदन पास भयो कि, मूल विधेयक पास भयो यसमा संशय हुन्छ सभामुख महोदय मेरो नियमापत्ति हो।

अहिले यो माननीय सदस्यले जुन कुरा राखु भयो, माननीय सभामुख महोदय, यो उठेकै विषयलाई मैले प्रष्ट पार्न खोजेको हो। माननीय सदस्यलाई नै मैले जुन कुरा उठाउनु भएको छ हामीले धेरै छलफल जुन आएका छन् त्यसलाई मैले प्रष्ट पार्न खोजेको हो । हामीले अब विधायन समितिले ल्याएको कुरालाई पनि मैले यो के रे मैले हेरेको छु । हामीले अस्ति पनि विधायन समितिमा के रे म आफै उपस्थित भएर नै मैले यो कुरालाई त्यहाँ कुरा राखेको थिएं। त्यहाँ त्यो छलफल भएको हो। विधायन समितिले पनि यहि भएकै विधेयकलाई राखेर ल्याएको छ। त्यसलाई छलफलको विषय मात्रै हो। माननीय सदस्यले उठाएको कुरा हामीले यि धेरै कुराहरु हामीले जुन धेरै कुराहरु उठेका छन् ति विषयहरु अहिले माननीय सदस्यले र अहिले नै उठाएका विषयहरु हुन । यसमा नियमापत्ति गर्नु पर्ने कुरा त केही पनि छैन। सभामुख महोदय, म के

कुरा राख्न चाहन्छु भने, अहिले भर्खरै माननीय सदस्यले उठाएका विषय नै हुन यिनि। हामीले  यहि विधेयककै सर्पोटमा यहि राख्ने कुरा मै विधायन समितिले गऱ्या छ। त्यो कुरा पनि उठेको हो त्यहाँ पनि छलफल भएको हो । त्यस्मा अस्पष्ट त केही पनि छैन र धेरै धेरै अब माननीय सदस्यहरुले पछि पनि यसमा अब सभामुखले मौका दिनु हुनेछ । उहाँहरुले राख्नु हुनेछ र यो विधेयकमा धेरै कुराहरु आएका छन् । जुन कुराहरु आएका छन् ति हामीले समग्र यो प्रदेशकै विकासको लागि यहाँको ताल, पोखरी, कुण्ड, कुँआलाई व्यवस्थित गर्ने हिसाबले ल्याएका छौं र माननीय डोबाटे विश्वकर्माले पनि जुन कुरा राख्नु भयो। त्यो पनि हामीले यसलाई प्राथमिकता दिन खोजेको होइन यो समग्र प्रदेश भरीकै कुरालाई हो। यो यसको प्रभावकारी हिसाबले कार्यान्वयन गर्ने कुरा त यो विधेयक पास भएर आई सकेपछि यसलाई हामीले प्रभावकारी हिसाबले लैजाने छौं। सरकारले काम गर्ने छ र अर्को पनि जुन कुरा उठ्यो। सम्मानित सर्वोच्च अदालतले जुन फैसला गरेको छ। त्यो फैसलालाई कार्यान्वयन गर्न मेरै संयोजकत्वमा ११ सदस्यीय कमिटि बनेको छ। हामीले, त्यसले मिटिङ्ग गरिकन धेरै कुराहरु आएको। हामीले यो पनि आज विधेयकको सन्दर्भमा उठ्यो मैले प्रष्ट पार्न चाहन्छु पछि मैले फेरि भिन्दै समय लिएर भए पनि मैले यो मन्त्रीज्यूको तर्फबाट जवाफ दिने मैले सोची रहेको थिएं । तैपनि उठी सकेपछि जोडिएर आई सकेपछि यसलाई प्रष्ट पार्दाखेरि राम्रै होला। हामीले यसको काम अगाडी बढाई रहेका छौं । अब हामीले फेवातालमा एउटा फेवा पिल्लर राखेर त्यसको संरक्षण गर्ने विधेयकले पनि त्यो कुरा बोलेको छ। अरु ताल, पोखरी, कुण्ड, कुँआहरुलाई पनि हामी भोलि आवश्यकता अनुसार जहाँ अतिक्रमण हुन्छ त्यहाँ संरक्षण गर्ने कुरा यसमा पनि छ तर फेवातालको बारेमा हामीले कामलाई अगाडी बढाई राख्या छौं र त्यसमा विशेष गरी अब त्यो नापीले गर्नु पर्ने कामहरुमा हामी त्यहाँ गाड्न जाँदाखेरि त्यसलाई अलि अलि डिक्लियरली त्यो जि.आई.एस. नक्शाहरु ल्याएर, त्यसलाई कन्फर्म गरेर, त्यहाँ अतिक्रमणहरुलाई नै हटाउने कुरालाई

चाँहि, काम गरेर जानका लागि हामीले कमिटि सब कमिटिहरु बनाएर पनि त्यहाँ छलफल गरेर अगाडी बढी रहेका छौं। अब तुरन्तै त्यसको रिजल्ट आउने छ । र त्यो काम अगाडी बढाई रहेको छ। र अहिले नेपाल कै इतिहासमा अ सम्मानित सर्वोच्च अदालतको फैसला पछि एउटा कार्य कारिणी मन्त्रीको संयोजकत्वमा बनेको यो पहिलो कमिटि हो । त्यो पनि प्रदेश सरकारको गठन सँगै त्यस कारण हामीले यसलाई प्रभावकारी हिसाबले कार्यान्वयन गरेर जनताको चाहना अनुसार, अपेक्षा अनुसार सम्मानित सर्वोच्च अदालतको फैसलालाई कार्यान्वयन गरेर हामी त्यो तालको चाँहि हाम्रो प्रदेशको सबै भन्दा ठूलो एउटा पर्यटकीय प्रोडक्ट हो फेवाताल । त्यसको संरक्षण गर्ने, त्यसलाई जोगाउने, त्यो सरकारको दायित्व हो, त्यो प्रदेश सरकारको जिम्मेवारी पनि हो । सम्मानित सर्वोच्च अदालतले संघलाई, प्रदेशलाई र स्थानीय तहलाई जिम्मेवारी तोकेरै फैसला गरेको छ । हामी त्यो काम गर्ने छौं र माननीय सदस्यहरुले उठाएका विषयहरुलाई मैले यसरी नै प्रष्ट पार्न चाहें । मलाई लाग्छ यो विधेयकको स्थानीय तहमा माननीय सदस्य नै अलि कन्फ्युज हुनु भयो कि ८५ वटा स्थानीय तहबाट राख्न भन्दापनि उपाध्यक्ष नै राखेर जाने कुरालाई नै विधायन समितिले छलफलको विषय बनाएको हो । त्यो उपाध्यक्ष नै राखेर जाने भनेर आएको हो कि ? मैले त तेही नै बुझि राखेको छु । र त्यसरी नै अब त्यो कुरा म राख्न चाहन्छु र अब यो माननीय सदस्यहरुले जुन एउटा महत्वपूर्ण सुझावहरु राख्नु भयो अ यसको लागि, यसको लागि ठीक छ यहाँ अहिले प्रस्तुत हुन्छ पछि सभामुखज्यूले निर्णयार्थ पेश गर्दाखेरि त्यो कुरा आउला र माननीय सदस्यज्यूहरुले जुन महत्वपूर्ण एउटा सुझाव दिनु भएको छ यसको लागि म सबै अ माननीय सदस्यहरुलाई हार्दिक हार्दिक धन्यवाद दिंदै मैले मेरो भनाई यहाँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब यो छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अव म माननीय श्री दिपक कोइरालाले पेश गर्नुभएको संशोधनहरु फिर्ता लिन चाहनु हुन्छ भने उहाँलाई समय दिन्छु ।

**माननीय दिपक कोइरालाज्यू**

सभामुख महोदय, संशोधन विधेयक के रे विधेयक माथिको संशोधन फिर्ता भएको जानकारी गराउँदछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री दिपक कोईरालाले आफ्नो संशोधन फिर्ता लिनु भएकोले निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउँछु ।

अब म **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ४ को (क) देखि (ञ) सम्म उल्लिखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । "

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ४ को (क) देखि (ञ) सम्म उल्लिखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ४ को (क) देखि (ञ) सम्म उल्लिखित संशोधन **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रमसंख्या ४ को (क) देखि (ञ) सम्म उल्लिखित संशोधन सर्वसम्मतिले **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को अंग बनेको घोषणा गर्दछु ।

अब म विधेयकको दफा १ देखि २२ सम्म **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको दफा १ देखि २२ सम्म सर्वसम्मतिले **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को अंग बनेको घोषणा गर्दछु ।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना :** गण्डकी प्रदेशका ताल तथा तालको जलाधार क्षेत्रको संरक्षण तथा दीगो उपयोग गरी जैविक विविधताको संरक्षण, वातावरणीय सेवा, पर्या—पर्यटन प्रवर्द्धन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुऱ्याउनका लागि अधिकार सम्पन्न ताल संरक्षण तथा विकास प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को अंग बनेको घोषणा गर्दछु ।

## माननीय सभामुखज्यू

अब म माननीय उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्री श्री बिकास लम्साललाई **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय विकास लम्सालज्यू

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल माघ १४ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको **"ताल संरक्षण तथा**

**विकास प्राधिकरण सम्बन्धी विधेयक"** प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

मितिः २०७५/११/२७

**माननीय सभामुखज्यू**

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब म माननीय श्री मायानाथ अधिकारीलाई **"गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति गठन गरियोस्"** भनी समितिमा रहनुहुने माननीय सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मायानाथ अधिकारीज्यू**

माननीय सभामुखज्यू,

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम २१७ को उपनियम (३) बमोजिम ९ जना माननीय सदस्यहरु रहनुभएको **"गण्डकी प्रदेश, प्रदेश**

**सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति"** गठन गर्न यो प्रस्ताव प्रस्तुत गरेको छु ।

समितिमा रहने माननीय सदस्यहरुको नाम :-

१. माननीय श्री कुमार खड्का

२. माननीय श्री कृष्ण थापा

३. माननीय श्री कृष्ण बहादुर थापा

४. माननीय श्री गायत्री गुरुङ

५. माननीय श्री मणिभद्र शर्मा

६. माननीय श्री मायानाथ अधिकारी

७. माननीय श्री रामजी प्रसाद वराल जीवन

८. माननीय श्री हरि शरण आचार्य

गण्डकी प्रदेश सभा सचिवालयका कानून तथा विधेयक शाखाका प्रमुख सदस्य सचिव रहनु हुनेछ ।

समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

समितिको कार्यावधि कार्य प्रारम्भ भएको मितिवाट ३० (तिस) दिनको हुनेछ।

धन्यवाद ।

## माननीय सभामुखज्यू

अब माननीय श्री मणिभद्र शर्मालाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

## माननीय मणिभद्र शर्माज्यू

माननीय सभामुखज्यू, गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम २१७ को उपनियम (३) बमोजिम ९ जना माननीय सदस्यहरु रहनेगरी **"गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति"** गठन गर्न माननीय मायानाथ अधिकारीले प्रस्तुत गर्नु भएको प्रस्ताव समर्थन गर्दछु।

**माननीय सभामुखज्यू**

अव म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ माननीय श्री मायानाथ अधिकारीले प्रस्तुत गर्नुभएको **"गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति"** गठन गरियोस् भनी समितिमा रहनुहुने माननीय सदस्यहरुको नामावली सहितको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अव म माननीय सदस्य श्री राजिव गुरुङ लाई अर्थ तथा विकास समितिको रिक्त सदस्यमा रहने गरी जिम्मेवारी प्रदान गर्ने प्रस्ताव प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई सहमति जनाईदिनु हुन अनुरोध गर्दछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल फागुन २९ गते दिनको १:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**